म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २०० बिहीबार १८ फागुन २०७९ ने. सं. ११४३ सिल्लागा 2 March 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

बालबालिकासँग अध्यक्ष कालाखेतीको जन्मदिन

हेटौंडा, १७ फागुन/मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले आफ्नो जन्मदिन बालबालिका र वृद्धवृद्धाहरुसँग मनाएका छन् । जन्मदिनलाई खर्चिलो र झर्कोलो गरी मनाउने गतिविधि बढेका बेला अध्यक्षले बालबालिका र वृद्धवृद्धाहरुलाई सहयोग गरेर मनाएका हुन् । ४५ औं बसन्त पार गरी ४६ औं वर्षमा प्रवेश गरेको अवसरमा अध्यक्ष कालाखेतीले हेटौंडा-११, थानाभ्याङस्थित मामाघर नेपालका भान्जाहरुसँग केक काटेर जन्मदिन मनाएका हुन् । उनले मामाघर नेपाललाई १० हजार आर्थिक सहयोग प्रदान गरेका छन् । मनहरी गाउँपालिका-५ का वृद्धवृद्धाहरुसँग पनि केक काटेर खुशीयाली साटासाट गरेको उनले बताए । उनले ४५ जना वृद्धवृद्धाहरुलाई छाता वितरण गरेका छन् । असहाय र अभाव भएकाहरुले खुशीको महत्व बुझ्ने भएकाले उनीहरुलाई सहयोग गरी जन्मदिन मनाएको अध्यक्ष कालाखेतीले बताए । अध्यक्ष कालाखेतीले जन्मदिन मनहरीस्थित आमाघरमा पुगेर पनि मनाए ।

क्रसरको उत्खननले जोखिममा गाउँ, राजश्वबारे अन्यौलमा पालिका

साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ जिल्लाका १० स्थानीय तहमध्ये नदीजन्य पदार्थ उत्खननले पटक-पटक विवादमा आइरहनेमा पर्छ मकवानपुरगढी गाउँपालिका ।

नदीजन्य पदार्थको बिक्री वितरण प्रमुख आम्दानीको स्रोत रहेको मकवानपुरगढी गाउँपालिकामा विगतदेखि नै खोलाको निर्हुले ठूला लफडा चल्दै आएका छन् । तर, खोलाको कारण विवाद उत्पन्न हुनबाट भने रोकिएको छैन् । जिल्लाको मकवानपुरगढीसहित हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका मनहरी गाउँपालिका, रविसराङ गाउँपालिका, बकैया गाउँपालिका नदीजन्य पदार्थ बिक्री वितरणबाट करोडौं राजश्व उठाउने स्थानीय सरकार हुन् । मकवानपुर गढीमा बालुवा प्लान्टसहित गरेर आधा दर्जन क्रसर उद्योगहरु छन् । तीन वटा ठूला क्रसिङ उद्योगहरु सञ्चालनमा रहेको छ । गाउँपालिकाको नदीजन्य पदार्थ खरिद यी क्रसर उद्योगहरुले गर्दै आएका छन् ।

क्रसर उद्योगहरुकै कारण मकवानपुरगढीमा नदीजन्य पदार्थका विवाद उठ्ने गरेको छ । हाले ५ नम्बर वडास्थित आमभञ्ज्याङ एग्रिगेट प्रालिले आफ्नै जग्गामा गरेको उत्खननले विवाद निम्तिएको छ । यतिसम्म की क्रसर उद्योगलाई के गर्ने भन्ने बारे गाउँपालिका नै अन्यौलमा परेको पाइएको छ । कानुनतः बिक्री वितरण गर्ने उद्देश्यले गाउँपालिकाभित्र नदीजन्य पदार्थ उत्खनन् गरेपछि स्थानीय सरकारलाई राजश्व बुझाउनुपर्ने हुन्छ । गाउँपालिकामा व्यक्तिको निजी जग्गाबाट माटो उत्खनन् गरिँदा पनि गाउँपालिकाले कर लिएको छ ।

तर, आमभञ्ज्याङ एग्रिगेटले आफ्नै जग्गाबाट नदीजन्य पदार्थ उत्खनन् गर्दा राजश्व भने तिरेको छैन् ।

मकवानपुरगढीमा क्रसर उद्योगको दोहन विगत डेढ महिनादेखि चलिरहेको स्थानीयहरुले आरोप लगाउँदै आएका छन् । आमभञ्ज्याङ एग्रिगेट क्रसर उद्योगले जमिन भासिने गरी उत्खनन् गर्दा पनि गाउँपालिकाले चासो नदिएको स्थानीयहरुको आरोप छ । आमभञ्ज्याङ एग्रिगेटले हालसम्म कुन परिणाममा नदीजन्य पदार्थ उत्खनन् गरेर बिक्री वितरण गऱ्यो भन्ने विषयमा गाउँपालिका कार्यालय अनविज्ञता प्रकट गर्छ । क्रसर उद्योगले आफ्नै परिसरमा लामो समयदेखि जमिन भासिनेगरी ढुंगा, गिट्टी बालुवा उत्खनन् गरिरहेको स्थानीय बासिन्दाहरुले बताएका छन् ।

क्रसर सामरी खोला नजिकै रहेको छ । खोलासँग जोडिएको जग्गामा ठूलो खाल्डो पार्ने गरी उत्खनन् गरेपछि सिमलटार गाउँखि सामरी पुलसम्मका बस्ती नै जोखिममा परेको छ । नदीजन्य पदार्थ उत्खनन् गर्दा कति मिटर गहिराई र चौडाईसम्म मात्रै गर्न सकिने प्रावधान छ । तर, उद्योगले उक्त प्रावधानको धज्जी उडाउँदै मानव बस्ती नै जोखिममा पारेर उत्खनन् गरेको पाइएको हो । गाउँपालिका, जिल्ला समन्वय समिति मकवानपुर र जिल्ला अनुगमन समितिले अनुगमन गर्न आउँदा नदेखिने गरी निरन्तर उत्खनन गर्ने र क्रसरले उत्पादन गरेको काम नलाग्ने डस्टले त्यस खाल्डो पूर्ने गरिएको स्थानीय प्रत्यक्षदर्शीहरुले गुनासो गरेका छन् ।

आमभञ्ज्याङ एग्रिगेटले आफ्नो उद्योग परिसरको सबै क्षेत्र उत्खनन् गरेर गाउँपालिकालाई राजश्व रकम पनि नबुझाउने र ग्राभेल पनि निकालिरहने गर्दै आएकोप्रति गाउँपालिका भने जानकार छ । गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तान, उपाध्यक्ष मानकुमारी पाखिन र योजना तथा राजश्व शाखा प्रमुख प्रकाश न्यौपानेले ४ दिनअघि उत्खनन् क्षेत्रको अनुगमन गरेका थिए । गाउँ नै जोखिममा परिरहेको देखे पनि उनीहरुले उत्खनन् कार्यलाई भने नरोकेको पाइएको छ । 'क्रसरले आफ्नै जग्गामा उत्खनन् गरेको रहेछ । माटो उत्खनन् गर्दा राजश्व लिने गरिएको छ । अब नदीजन्य पदार्थको उत्खनन् हुँदा पनि लिनुपर्ने हुन्छ ।,' राजश्व शाखा प्रमुख न्यौपानेले भने ।

आफ्नै जग्गाको नदीजन्य पदार्थ उत्खनन् गर्दा के गर्ने भन्ने सम्बन्धमा गाउँपालिका अन्यौलमा परेको उनी बताउँछन् । कर लिने विषयमा गाउँपालिकाले आमभञ्ज्याङ एग्रिगेटलाई नछोड्ने बताए । 'अहिले राजश्व नतिरी उठाइएको कुरा सत्य हो । तर, पछि घाटगढीबाट मूल्यांकन आउँछ । गिट्टी, बालुवा बिक्रीको रेकर्डबाट पनि राजश्व उठाउँछौं,' उनले भने ।

जिल्ला समन्वय समितिलाई उत्खनन् गरिरहेको क्षेत्रको निरीक्षण गर्न बोलाउँदा पनि नआएको न्यौपानेको भनाई छ । नदीजन्य पदार्थको स्टक प्रमाणित जिससले गर्ने कानुनी व्यवस्था छ । जिससले स्टक प्रमाणित गर्न नआएको उनले बताए ।

आमभञ्ज्याङ एग्रिगेटले निकै गहिराईमा जमिन खनेर डस्टले पुर्ने गरेकाले सिमल्टार गाउँ वरपरको बस्तीसमेत जोखिममा परेको हो । राजश्व शाखा प्रमुख न्यौपानेले निजी जमिनको ग्राभेल उत्खनन् गर्दा पनि आईई (प्राविधिक मुल्यांकन) गरेर मात्र उत्खनन् गर्न पाउने बताए । तर, आमभञ्ज्याङ एग्रिगेटका सञ्चालकहरुले विगतमा घाटगढी गरिएको नदीजन्य पदार्थ नै उत्खनन् गरेको बताएका छन् । तर, विगतमा जमिन भन्दा तलको भागको स्टक प्रमाणित गर्ने कुनै व्यवस्था नै नभएको एक इन्जिनियरले जानकारी दिए । गाउँपालिकालाई राजश्व बापतको रकम नबुझाएको न्यौपानेले बताए ।

आमभञ्ज्याङ एग्रिगेट उद्योगले आव २०७७/०७८ मा स्टक प्रमाणित भएको भन्दा बढी परिणाममा नदीजन्य पदार्थ बिक्री गरेको खुलेपछि २५ लाख भन्दा बढी जरिवाना गाउँपालिकालाई तिरेको थियो । गाउँपालिकाले खोलामा राखिएका कर्मचारीहरुको सेटिङमा क्रसर उद्योगहरुले तोकिएको भन्दा बढी नदीजन्य पदार्थ गर्ने गरेका थिए । मकवानपुरगढीका अधिकांश क्रसर उद्योगहरुलाई गाउँपालिकाले जरिवाना गरेको थियो । मकवानपुर गढीमा यसअघि राजश्व छलेर रातको समयमा अवैध रुपमा नदीजन्य पदार्थ ओसारपसार भइरहेको विषय बाहिरिएको थियो ।

कालाभैरवको नयाँ भवन बनेपछि विद्यार्थीलाई धुलो-धुँवाबाट मुक्ति

साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ बकैया गाउँपालिकाको विकट क्षेत्र धेवे दमारमा रहेको कालभैरव प्राथमिक विद्यालयको नयाँ भवन बनेको छ ।

विगतमा जीर्ण भवन, भाँचिएका बेन्चि, माटोको धुलाम्य भुँइ, ढुंगा र माटोको कोठाको एक पाखा भत्किएको र भुकम्पले थलिएको विद्यालयमै बसेर पढेका विद्यार्थीले नयाँ भवन पाएका हुन् । मकवानपुरको बकैया गाउँपालिका वडा नम्बर १२ धेवे दमारको कालाभैरव प्राविका विद्यार्थीलाई नयाँ भवन निर्माण भएसँगै पठनपाठनमा सहजता भएको हो ।

विद्यार्थी बोकेर प्रधानाध्यापक र कार्यालय सहयोगीले समाित खोला तारेको घटनाले देशव्यापी चर्चा पाएको कालाभैरवको अवस्था क्रमिक रुपमा फेरिँदै गएको छ । इस्थर बेन्जामिन्स मेमोरियल संस्थाको सहयोगमा दुई कोठे पक्की भवन निर्माण भएपछि विद्यार्थीलाई पानी, घामको त्रास हटेको छ ।

इस्थर बेन्जामिन्सको सहयोगमा विद्यालय व्यवस्थापन समिति तथा वडा अध्यक्षको पहलमा भवन तथा शौचालय निर्माण भएको हो । विद्यालयका प्रधानाध्यापक चेतबहादुर घलेले विद्यालय जान पुल नहुँदा विद्यार्थीहरु बोकेर खोला तारेको र जीर्ण विद्यालय भवनका कारण पठनपाठनमा समस्या भएको विषय मिडियामार्फत सार्वजनिक भएपछि इस्थर बेन्जामिन्स मेमोरियल संस्थाको सहयोगमा विद्यालय भवन निर्माण भएको थियो । सिमाित खोलाका कारण बालबालिकाहरु वर्षायाममा ज्यान जोखिममा राखेर विद्यालय आउनुपर्ने बाध्यता पनि अन्त्य हुने भएको छ । नयाँ विद्यालय भवन निर्माण भएपछि विद्यार्थीहरु पनि नियमित विद्यालय आउन थालेको प्रश्न घलेले बताए ।

साढे २१ लाखमा दुई कोठे पक्की भवन, बालमैत्री धारा र शौचालय निर्माण भएको उनले बताए । नयाँ भवन पद्न पाएपछि नानी बाबु खुसी भएको प्रश्न घलले बताए । अब धुलो धुँवामा बस्नुपर्ने बाध्यता हटेको उनको भनाई छ । बकैया गाउँपालिका वडा नम्बर १२ का वडा अध्यक्ष ज्ञानेन्द्र बजगाईमार्फत गाउँपालिकामा समन्वय गरेर राडो नेपालले यहाँ पुल निर्माण गर्न सर्वेसमेत गरिसकेको छ । वडा अध्यक्ष बजगाईले विद्यालय भवन निर्माण गर्ने संस्थालाई धन्यवाद दिँदै पुल निर्माण पनि चाँडै हुने विश्वास व्यक्त गरे । उनले बालबालिकाको शैक्षिक अवस्था सुधार गर्न वडा कार्यालयबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाएका छन् ।

विद्यालयमा हाल धेवे, गोदाम डाँडा, डिस्कापाखा, चुवार पाखा र अर्जि गरेका २३ जना विद्यार्थीहरु अध्ययनरत छन् । यहाँ बालविकास शिक्षा पनि संचालनको तयारी गरिएको छ । २०५३ सालमा प्लान नेपालले स्थापना गरिदिएको यस विद्यालय २०६१ मा जिल्ला शिक्षा कार्यालयबाट अनुमति लिई सञ्चालनमा रहेको छ ।

कर्मचारी आवश्यकता

यस फर्मको लागि एक जना (पुरुष) कमचारी आवश्यक परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क राख्नुहोला ।

संख्या : १ (एक) **योग्यता:** +२ उत्तिर्ण

सम्पर्क:

बिशाल टायर सेन्टर

हेटौंडा-४, मेनरोड सुमार्गी कम्प्लेक्स

फोन: ९८४५८२९४११

खुला विश्वविद्यालयले बागमतीमा खोज्यो मितेरी विद्यालय

साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ खुला विश्वविद्यालयले बागमती र लुम्बिनी प्रदेशमा मितेरी विद्यालयको खोजी सुरु गरेको छ ।

खुला विश्वविद्यालयको सामाजिक शास्त्र र शिक्षा संकायमा अध्ययनरत विद्यार्थीहरुलाई शिक्षण अभ्यास, इन्टर्नसिप, अनुसन्धान र शिक्षण विधि एवम् प्रविधि सम्बन्धी सहकार्य गर्न मितेरी (सहयोगी) विद्यालयको खोजी गरिएको हो । विश्वविद्यालयसँग मितेरी लाउन इच्छुक बागमती र लुम्बिनी प्रदेशमा सन्चालित कम्तिमा कक्षा ८ देखि १२ सम्म पढाइ हुने विद्यालयहरुले आजदेखि १५ दिनभित्र इमेलमार्फत् निवेदन दिनसक्ने विश्वविद्यालयले जारी गरेको सूचनामा उल्लेख छ । विश्वविद्यालयको मितेरी विद्यालय छनोट तथा सन्चालन कार्य व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९ मा मितेरी विद्यालय छनोटका आधार र र सर्तहरु तोकिएका छन् ।

त्यसमा मितेरी विद्यालयहरु प्रदेशस्तरबाट छनोट हुने र त्यसका लागि कम्तिमा कक्षा ८ देखि १२ सम्म सन्चालित सार्वजनिक विद्यालयहरुलाई प्राथमिकतामा राखिने उल्लेख छ । विश्वविद्यालयसँग मितेरी लाउन चाहने विद्यालयको आफ्नो भवन र जग्गा हुनुपर्ने छ । साथै शिक्षक तालिम, कार्यशाला तथा अनुसन्धानको लागि यथेस्ट विद्यार्थी संख्या हुनुपर्ने छ । सहकार्य गर्न विद्यालय व्यवस्थापन समिति र स्थानीय तहको अनुमति लिनुपर्ने छ । शिक्षण अभ्यास र इन्टर्नसिप गर्न शैक्षिक सामग्री वा प्रयोगात्मक सामग्री उपलब्ध गराएवापत् मितेरी विद्यालयलाई विश्वविद्यालयले खर्च रकम उपलब्ध गराउने छ । खर्च रकम शिक्षा संकायको शिक्षण अभ्यास निर्देशिका बमोजिम हुने विश्वविद्यालयले जनाएको छ ।

मनकामना सामुदायिक वनको अध्यक्षमा मुक्तान

साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/मनहरी गाउँपालिकामा रहेको मनकामना सामुदायिक वन उपभोक्ता समूहको अध्यक्षमा शुरेश मुक्तान चयन भएका छन् ।

वनको साधारणसभाबाट मुक्तानलाई अध्यक्षमा चयन गरेको हो । सचिवमा गीता शाही, कोषाध्यक्षमा मनिषा स्याङ्तान, उपाध्यक्षमा बालकृष्ण मोक्तान र सहसचिवमा शंकर श्रेष्ठ चयन भएका छन् । सदस्यहरुमा लक्ष्मी प्रजा, चित्र कुमारी थिङ, निर्मला गोले, दिल माँया प्रजा, गगन कर्माचार्यलाई सदस्यमा सर्वसम्मत चयन गरेको छ । निवर्तमान अध्यक्ष चन्द्रबहादुर पौडेलको सभाध्यक्षतामा भएको भेलामा मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्यता रहेको थियो भने उपाध्यक्ष सिता पुलामी मगर, सब डिभिजन वन कार्यालय मनहरीका प्रमुखको विशेष आतिथ्यता रहेको थियो ।

सभालाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष कालाखेतीले वन समितिहरुले पारदर्शीढंगले वन संरक्षण र सम्बर्धनका लागि राम्रो काम गर्न नसकिरहेको भन्दै नयाँ समितिलाई वन सम्बर्द्धन, प्रवर्द्धन र संरक्षणमा उदाहरणीय काम गर्न सुझाव दिए ।

घर भाडामा

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फल्याट दुई वटा तला, १२ कोठा एटेज बाथरुम, गाडी पार्किङ्ग, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. : ९८४७२५९८०६

सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

राष्ट्रिय सहमतिको अपरिहार्यता

राजनीतिक दलहरुले राष्ट्रपति चयनमा राष्ट्रिय सहमतिको खोजी गरेका थिए । तर, हाल राष्ट्रिय सहमतिको खोजी गर्ने नेताहरुको अभिव्यक्ति सत्ता समिकरण फेरबदलसँग जोडिन पुगेको देखियो । एमालेसँगै सत्ता रहँदा असहज महशुस गरेको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको अभिव्यक्तिले 'कम्फर्टेबल' सत्ता साझेदार मात्रै खोजिएको देखियो । उनै प्रचण्डले राष्ट्रपति चयन राष्ट्रिय सहमतिमा गर्ने धारणा पहिला बोलेका थिए । हाल, पुरानो सत्ता गठबन्धन भत्किएर नयाँ समिकरण बनिसकेको छ । नयाँ समिकरण बन्दा राष्ट्रपतिमा राष्ट्रिय सहमतिको खोजी हराएर आफ्नै रोजाईको पात्रको खोजी भइरहेको छ । जसकारण नागरिक समाजहरुले राष्ट्रपति चयन राष्ट्रिय सहमतिकै आधारमा हुनुपर्ने धारणा राखिरहेका छन् । सत्तामा रहेका दल र शिर्ष नेताहरुले शक्ति सन्तुलनलाई प्राथमिकतामा राख्दा राष्ट्रपनि सहमतिमा चयन हुने देखिँदैन् ।

मुलुकले चौथो कार्यकालका लागि तेस्रो नयाँ राष्ट्रपति पाउँदै छ । निर्वाचन २५ फागुनमा छ । राष्ट्रपति निर्वाचनलाई नै लिएर सत्ता समिकरण फेरिएको थियो । कांग्रेसले पहिलो कार्यकालमा प्रधानमन्त्री दिन नमानेपछि प्रचण्ड एमालेसँग गठबन्धन गर्न पुगेका थिए । निर्वाचनपछि गत पुस १० गते नेकपा एमाले सहितको दलको समर्थनमा पुष्पकमल दाहल अध्यक्ष भएका थिए । दाहल प्रधानमन्त्री भएको १६ औं दिनमा प्रतिपक्ष नेपाली कांग्रेसले विश्वासको मत दिएपछि ओली सशंकित बनेका थिए । ओलीको त्यो शंका राष्ट्रपति निर्वाचनसँग केन्द्रीत थियो र शंका मिल्यो पनि । प्रचण्डले एमालेबाट राष्ट्रपति बनाउने सहमति गरेको एमालेको दाबी छ । तर, प्रधानमन्त्री दाहलले परिस्थिति फेरीएको जनाउँदै राष्ट्रपतिमा राष्ट्रिय सहमती हुनु पर्ने भने पनि नेकपा एमाले तयार नभएको दाहालको दाबी छ ।

यतिबेला राजनीतिक समिकरण बदलिएपछि आठ दलीय गठबन्धन बनेर कांग्रेसका रामचन्द्र पौडेल र एमालेबाट राष्ट्रपतिका उम्मेदवारी छन् । अब बन्ने राट्रपतिमा सबैले स्विकार्नुपर्नेको विकल्प छैन् । तर, यसलाई राष्ट्रिय सहमति अपरिहार्य रहेको नागरिक समाजको भनाई छ । लोकतान्त्रिक मूल्य मान्यता जोगाउन र संविधानको रक्षाका लागि पनि देशको राष्ट्र प्रमुख सर्वमान्य हुनुपर्नेमा जोड सबैको रहनु स्वभाविक हो । संविधानअनुसार नेपालको राष्ट्रप्रमुखका रुपमा राष्ट्रपति रहन्छन् । विगतका अनुभवलाई नियाल्दै सर्वमान्य व्यक्ति, गणतन्त्रको रक्षा, संविधानको रक्षा गर्ने, परिवर्तनका निम्ति प्रतिबद्ध व्यक्ति नै अबको राष्ट्रपति बन्नुपर्ने आवाज सबैको छ । सबैले स्विकार्ने व्यक्ति राष्ट्रपति बनाउन राष्ट्रिय सहमति आवश्यक छ । राजनीतिक परिस्थिति जटिल र पेचिलो बन्दै गएको राष्ट्रपतिको भूमिका अहम हुने भएकाले पनि राष्ट्रिय सहमति अपरिहार्य बनेको हो । जसकारण राष्ट्रपति निर्वाचन नजिकिँदै गएको अवस्था अझै सहमतिको खोजी गर्न दलहरु लाग्नुपर्ने देखिन्छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ फागुन १९ गते शुक्रबार ३ मार्च २०२३ । एकादशी फाल्गुण शुक्लपक्ष । चिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ६:२९, सूर्यास्त ६:०४। आमलकी एकादशी ।

आजको राशिफल

मेष	: शरीरमा केही आलश्य हुनेछ	तुला	: मित्रतामा कमी आउनेछ
वृष	: सफलता मिल्न गाह्रो छ	वृश्चिक	: कामको जिम्मेवारी बढ्नेछ
मिथुन	: यात्राबाट नोक्सान हुनेछ	धनु	: मनोरञ्जन प्राप्त हुनेछ
कर्कट	: घाउचोट लाग्न सक्नेछ	मकर	: व्यापारबाट लाभ मिल्नेछ
सिंह	: जग्गा जमिनबाट लाभ हुनेछ	कुम्भ	: स्वास्थ्योपचारमा खर्च हुनेछ
कन्या	: सोचेभन्दा बढी खर्च हुनेछ	मीन	: मानसिक असन्तुष्टि बढ्नेछ

राज्यविहीन बनेकी समिमा बेगमको संघर्ष



सुरेन्द्र नेपाल श्रेष्ठ

कुनै पनि व्यक्ति राज्यविहीन हुनुहुँदैन, यो अन्तर्राष्ट्रिय मान्यता हो । यसलाई विश्व विकासको विभिन्न चरणमा उठान र विस्तार गर्दै आइएको छ । सन् १९४८ को मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा-१५ मा उल्लेख गरिएको छ– सबैलाई राष्ट्रियताको अधिकार छ, कसैलाई पनि स्वेच्छाचारी रूपमा उसको राष्ट्रियता र त्यसलाई परिवर्तन गर्ने अधिकारबाट वञ्चित गरिने छैन ।

यससँगै उक्त विषयले थप महत्व पायो । त्यसपछि सन् १९५४ मा राज्यविहीन व्यक्तिहरूको स्थिति सम्बन्धी महासन्धि, सन् १९६१ मा राज्यविहीनताको कमी गराउने महासन्धि, सन् १९६४ मा नागरिक र राजनीतिक अधिकार सम्बन्धी घोषणा, सन् १९८९ मा बाल अधिकार सम्बन्धी महासन्धि तथा सन् १९९७ मा राष्ट्रियता सम्बन्धी युरोपेली महासन्धि मार्फत यस विषयमा विविध व्यवस्था गरिएका छन् । तसर्थ कुनै पनि व्यक्ति अनागरिक हुनसक्दैन भन्ने मान्यता अनुसार सबै देशले आफ्नो नागरिकता सम्बन्धी कानुन निर्माण गरेका हुन्छन् ।

कुनै पनि राज्यले आफ्नो नागरिकले अर्को देशको नागरिकता प्राप्त गर्ने पर्याप्त आधार नदेखाई नागरिकता त्याग गर्ने अनुमति दिइँदैन । संसारमा १७ राष्ट्रमा नागरिकता त्याग गर्न नपाउने कानुन छ । तर तीमध्ये धेरै देशमा दोहोरो नागरिकता भने स्वीकारिन्छ । राज्यले सम्बन्धित व्यक्ति राज्यविहीन नहोस् भन्ने विषयमा विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ ।

यति धेरै प्रयासका बावजुद पनि संसारमा राज्यविहीन मानिसहरूको संख्या भने दिनपरदिन बढ्दै गएको देखिन्छ । प्राय:जसो द्वन्द्वग्रस्त तथा अविकसित देशहरूमा देखिने यस्ता समस्या कहिलेकाहीं विकसित तथा प्रजातान्त्रिक देशहरूको आतंकवाद विरुद्धको कडा न्याय प्रणालीको कारण पनि थप चुनौती देखिने गरेका छन् ।

हालसालै बेलायतको विशेष अध्यागमन अपील आयोगको एउटा फैसलाले यो विषयलाई एकपटक फेरि अन्तर्राष्ट्रिय चासोको विषय बनाएको छ । यो फैसलाले एक महिला समिमा बेगमलाई राष्ट्रिय सुरक्षाको कारण बेलायत प्रवेश गर्न रोक लगाउनुका साथै राज्यविहीन पनि बनाएको छ । गृहमन्त्रीले भने उनी आफ्नो पुर्खाको देश बंगलादेश फर्किन सक्नेछिन् भनेका थिए । तर यसबारे बंगलादेश सरकारले प्रतिक्रिया दिँदै यो हाम्रो दायित्व हैन भनिसकेको छ ।

बेगमले अहिलेसम्म बंगलादेशको नागरिकता प्राप्त गर्न कुनै पनि प्रक्रिया समेत सुरु गरेकी छैनन् । त्यसैले जाविदको दाबी गलत छ । कथंकदाचित् उनी बंगलादेश गइन् भने पनि त्यहाँको कानुन अनुसार आतंककारी क्रियाकलापमा संलग्न कसैलाई पनि मृत्युदण्डको सजाय हुने व्यवस्था छ । सन् २०१९ फेब्रुअरी १९ मा तत्कालीन गृहसचिव (मन्त्री) साजिद जाविदले आफ्नो विशेष अधिकार प्रयोग गरी बेलायतको कानुन अनुसार यदि उनलाई देश प्रवेश गर्ने अनुमति दिइयो भने राज्य र नागरिकको सुरक्षा माथि ठूलो चुनौती हुने भएकोले उनको नागरिकता फिर्ता लिने निर्णय गरेका थिए । त्यतिबेला बेगमले आफ्नो हुनेवाला छोरासँग बेलायत आउने इच्छा व्यक्त गरेका कारण सरकारले उनलाई रोक लगाएको थियो ।

यस बीचमा उनले जन्म दिएका छोराको फोक्सोको संक्रमणबाट मृत्यु भयो । बालकको जन्म बेलायतमा गराउन चाहेको तर अनुमति नदिएको कारण वर्तमान सरकार 'निरपेक्ष र अमानवीय' रहेको भन्दै लेबर फ्रन्टबेन्चर सांसद डायना एबोटले सदनमा सरकारको निन्दा समेत गरेका थिए । यस अगाडि पनि उनका एक छोरा र एक छोरीको कुपोषणको कारण एक वर्ष नपुग्दै मृत्यु भएको थियो ।

बंगाली मूलका समिमा लन्डन नजिकै बेल्थान ग्रीनमा सन् १९९९ अगस्तमा जन्मेकी थिइन् । उनले त्यहींको विद्यालयमा अध्ययन गरिरहँदा १५ वर्षको उमेरमा अन्य दुई साथीहरू १६ वर्षीया कादिजा सुल्ताना र १५ वर्षीया अमीरा आबासेसँग सन् २०१५ फेब्रुअरीमा टर्की पुगिन् । मोहम्मद अल रसिद नामक क्यानाडाली जासुसको सहयोगमा केही दिनपछि सीमा पार गरी सिरियाको रक्का शहर पुगेका थिए । त्यहाँ पुगेको मात्र १० दिनपछि बेगमले नेदरल्यान्ड्सका नागरिक यागो रिडिजकसँग विवाह गरिन् । उनले हालसालै आफ्नो धर्म छाडी इस्लाम धर्म ग्रहण गरेका थिए ।

उनीहरू दुवै त्यहाँका विद्रोही छापामार आईएसआईएसको संगठनमा सक्रिय रही आतंककारी क्रियाकलाप गरिरहे । जनवरी २०१७ बेगमले आफ्नो पतिसँग रक्का छोडिन् तर केही समयपछि उनीहरूबीच सम्बन्धविच्छेद भयो । सिरिया र अमेरिकी लडाकुहरूको गठबन्धनले तीन वर्षपछि रक्कालाई आईएसको नियन्त्रणबाट फिर्ता लिएको थियो । सन् २०१९ को फेब्रुअरी सुरुवाततिर बेलायती दैनिक पत्रिका टाइम्सका पत्रकार एन्थोनी लोयडले समिमा उत्तरी सिरियाको अल-हवल शरणार्थी शिविरमा जीवित फेला पारेका थिए ।

एक अन्तर्वार्तामा उनले आफू बेलायत आउन चाहेको बताएपछि तत्कालीन मेट पुलिस कमिश्नर डेम क्रेसिडा डिक्ले सुश्री बेगम युके फर्किएमा पुलिसले सोधपुछ गर्नेछ भनेका थिए । तर भोलिपल्ट नै सरकारले यो बाटो बन्द गरिदिएको कारण उनी आउन पाइनन् । सरकारको निर्णय विरुद्ध उनले आफ्नो मुद्दा लड्नको लागि शरीर न्यायालयमा उपस्थित भई आफू विरुद्धका आरोपहरू खण्डन गर्न पाउनुपर्ने जिकिरसहित पुनरावेदन अदालतमा अपील दर्ता गरिन् ।

न्यायालयले सन् २०२० को जुलाईमा वकिलहरूलाई उचित निर्देशन दिएर गृहसचिवको निर्णयविरुद्ध निष्पक्ष रूपमा लड्नको लागि बेगमलाई बेलायत फर्कन अनुमति दिनुपर्छ भनेर निर्णय गऱ्यो । तर यो निर्णय तुरुन्त खारेजी होस् भनी सरकारले सर्वोच्च अदालतमा अपील गऱ्यो । २६ फेब्रुअरी २०२१ मा सर्वोच्च अदालतका न्यायाधीशहरूले सर्वसम्मतिमा पुनरावेदन अदालतको निर्णयलाई उल्टाउँदै उनको फिर्तीलाई रोक्यो । त्यसपछि पुन: विशेष अध्यागमन अपील आयोगमा परेको अपीलमाथि यही फेब्रुअरी २२ मा भएको फैसलामा राष्ट्रिय सुरक्षाको आधारमा बेगमको बेलायती नागरिकता खारेज गर्ने जाविदको निर्णय वैधानिक भएको ठहर गऱ्यो । आजसम्मका प्रयासहरू सफल नभएको कारण उनी तत्कालै बेलायत फर्किने सम्भावना रहेन ।

मानवअधिकारवादीहरू सहित उनका कानुन व्यवसायीहरूले यो फैसलालाई बेलायत सरकारको अन्तर्राष्ट्रिय कानुनको मान्यतामाथिको ठूलो प्रहार हो भनेका छन् । उनीहरूले यसमाथि अझै पुनरावेदन गर्न पाउने अधिकार भएको कारण पुन: अपील गर्ने र न्यायको जित हुने आशा अझै मरेको छैन भनेका छन् । उनीहरूको मुख्य जिकिर, विभिन्न प्रलोभनमा पारी मानव तस्करहरूको सक्रियतामा बेचबिखनको शिकार भएकी एक १५ वर्षीय बालिकालाई आतंककारी क्रियाकलापमा प्रयोग गरिएको थियो । युद्ध क्षेत्रमा पुगेको दश दिनभित्र विवाह भएको स्पष्ट देखिन्छ ।

यस्तो अवस्थामा उनले चाहेर मात्र त्यहाँबाट उम्कन सक्ने अवस्था थिएन । आफ्नो जीवन सुरक्षाका लागि पनि अह्राएको काम गर्नुपर्ने हुन्छ । समय बित्दै जाँदा त्यसैमा सहज हुनु पनि स्वाभाविक थियो । यस अगाडि जे गरे-भनेका भए पनि अहिले उनले आफूले गरेका कामहरू गलत थिए अब आइन्दा त्यसमा संलग्न नहुने भन्दै खराब कामको माध्यमबाट खराबी हटाउन नसकिने कुरामा आश्वस्त भएको जनाइसकेकी छिन् ।

विश्वका थुप्रै देशले आफ्ना नागरिकलाई त्यस्ता शिविरहरूबाट विना भेदभाव उद्धार गरेका छन् । यो क्रम जारी पनि छ । आफ्नो देशको नागरिकले अर्को देशमा कुनै अपराध गरेमा सुपुर्दगी समेत गरिन्छ । बेलायती बाबु-आमाका छोराछोरीले विदेशमा गएर समिमाको जस्तो अवस्था भएमा सरकारले के गर्छ ?

यो फैसलाले दोस्रो दर्जाको नागरिकको मान्यता स्थापित गरेको छ । विदेशी बाबुआमाबाट यहीं जन्मे-हुर्केका पुर्खाको देश समेत नदेखेको समिमालाई बंगलादेश पठाउन खोज्नु सरकार आफ्नो दायित्वबाट उम्कनु मात्रै हो । त्यसैले बेगमलाई बेलायतको नागरिकताबाट वञ्चित गरिनु गलत हो । अन्यथा उनीमा आक्रोश थपिएर झन् खतरनाक विद्रोही हुने र समाजमा व्यापक आतंक फैलाउन सक्ने प्रबल सम्भावना हुनेछ । उनलाई यहाँको कानुन अनुसारको हुनसक्ने सजाय दिन सकिन्छ । बरु उनलाई यहाँ ल्याएर उनले गरेको अपराधको लागि प्रचलित कानुन अनुसार दण्ड दिंदा उचित हुनेछ ।

हुनत यो मुद्दाको सुनुवाइ गत वर्ष नोभेम्बरमा भएको हो । त्यस पछाडि विभिन्न माध्यमबाट कस्तो फैसला आउला भन्ने छलफल भएका थिए । प्राय: बौद्धिक तथा अन्तर्राष्ट्रिय कानुनबारे जानकारी हुनेहरूले अवश्य पनि बेगम बेलायत आउन पाउनेछिन् भन्ने अनुमान लगाएका थिए । यो फैसला पछाडि चौतर्फी रूपमा अन्तर्राष्ट्रिय कानुनको उल्लंघन भएको टीकाटिप्पणी भएपछि बेलायत सरकारको एक शीर्ष सरकारी आतंकवाद सल्लाहकारले समिमा बेगमलाई बेलायत फर्कन अनुमति दिनुपर्छ भनेका छन् ।

त्यस्तैगरी आतंकवाद कानुनका स्वतन्त्र समीक्षक जोनाथन हल केसी (किंग्स कन्सोल)ले बेलायतबाट यसरी अनलाइन मार्फत प्रभावित भई आईएसमा सामेल हुन जानेहरूको संख्या ९०० को हाराहारीमा रहेकोमा आधाभन्दा बढीलाई देशमा ल्याइसकेको छ ।

अहिलेसम्म बेलायतको अनुभवमा पनि आतंककारी क्रियाकलापमा महिलाहरूको संलग्नता निकै कम छ । एक तथ्यांक अनुसार सन् २००२ देखि २०२२ सम्म पुरुष १००४ दोषी देखिएका छन् भने महिलाहरू जम्मा ८९ मात्रै छन् । उनको बंगलादेशी नागरिकता सधैं एक कानुनी कथा थियो । आज त्यो पनि छैन । बंगलादेशमा आफ्ना मूलका मान्छे २१ वर्षसम्म कुन देशको नागरिक बन्ने भन्ने स्वतन्त्रता रहेको कारण गृह सचिवले बेगम बंगलादेशी नागरिक हुनसक्ने आधारमा राज्यविहीन नहुने जिकिर लिएका थिए । त्यतिबेला उनी १९ वर्षकी थिइन् । तर अहिले उनी २३ वर्षकी भइन् । गृह सचिवको निर्णयले गर्दा उनी सिरियाको एउटा शिविरमा फसेकी छिन्, कतैको पनि नागरिकता छैन र अन्य देशको नागरिकता लिने सम्भावना पनि छैन । जस्तोसुकै अपराध गर्नेहरूको सजाय सदाको लागि राज्यविहीनता हुन सक्दैन । यदि उनमा आतंकवादको अझै खतरा छ भने समस्याग्रस्त स्थानमा त्यतिकै राख्दा कुनै दिन झन् ठूलो समस्या हुनसक्छ । त्यसैले कसैलाई पनि राज्यविहीन बनाउन हुँदैन ।

अहिले सिरियाको अल-होल र रोज शिविरमा लगभग ३८ हजार विदेशी नागरिक छन् । तीमध्ये ६० प्रतिशतभन्दा बढी बालबालिका छन् । शिविरमा रहेका बालबालिकामध्ये झण्डै ८० प्रतिशत १२ वर्षभन्दा कम उमेरका र ३० प्रतिशत ५ वर्ष वा सोभन्दा कम उमेरका छन् । धेरैले आफ्नो जीवनको अधिकांश समय शिविरमा बिताएका छन् । यीमध्ये अधिकांशलाई फेब्रुअरी र मार्च २०१९ मा संयुक्त राज्य अमेरिकाको नेतृत्वमा रहेको सैन्य गठबन्धनले समर्थन गरेको क्षेत्रीय लडाकुहरूले उत्तरपूर्वी सिरियामा आईएसआईएसको स्वघोषित 'खिलाफा'को अन्तिम अवशेषलाई ध्वस्त पारेपछि हिरासतमा राखिएको थियो ।

सिरियामा भएको लामो गृहयुद्धका कारण नजिकैको छिमेकी देश इराकमा करिब २८ हजार र अन्य ६० देशमा १० हजार भन्दा बढी सिरियन शरणार्थीको जीवन बिताउन बाध्य छन् । संसारभरि धेरै देशमा यसको तथ्यांक राख्ने प्रचलन नभएको हुँदा प्राप्त तथ्यांक अनुसार संसारका ५० देशमा २ करोडभन्दा बढी राज्यविहीन मानिस रहेको अनुमान गरिएको छ ।

(साभार: अनलाइनखबर)

करणीसम्बन्धी मुद्दा : न बहस पुग्छ, न त आत्मीयता

मञ्जु मिश्र

न्यायाधीश सपना प्रधान मल्ल र कुमार चुडालको इजलासले भर्खरमात्र बालिका बलात्कारको कसुरका अभियुक्त सन्दीप लामिछानेलाई विदेश भ्रमण लगायतका सुविधा सहित जेलमुक्त गरिदिएको समाचारले सनसनी फैलिएको छ । जिल्ला अदालत काठमाडौंको थुनछेकको आदेश विपरीत उनलाई उच्च अदालत पाटनले विदेश जान नपाउने लगायतका शर्त राखी रिहा गरिदिएको थियो । त्यतिले नपुगेर सर्वोच्च अदालतले अभियुक्त लामिछानेलाई सम्पूर्ण सुविधासहित सरकारी खर्चमा विदेश जान अनुमति दियो ।

कानुन तथा न्यायकर्मीहरूका निम्ति उक्त आदेश संशयपूर्ण छ । खास गरी तिनलाई उक्त आदेश मन परेको छैन, जसलाई बलात्कार भनेको बलात्कार नै हो भन्ने लाग्छ । बलात्कार जस्तो जघन्य अपराधमा उमेर, जात, ओहोदा हेर्नु हुँदैन, मात्र पीडितलाई सुन्नु पर्दछ भन्ने आशय राख्ने मानिसहरूका निम्ति न्यायाधीशद्वयको त्यो आदेश अन्यायपूर्ण छ । पीडितलाई किनारा लगाएर, सुनिजान्ने साक्षीका कुराहरू सुनी अदालतले दुर्भाग्यपूर्ण आदेशमा मोहोर लगायो । अन्तत: सुरु अदालतबाटै सफाइ पाउन अब निज अभियुक्तलाई सबै बाटो खुल्ला भयो ।

धेरैलाई लाग्छ, इजलासमा महिला न्यायाधीश भएको खण्डमा महिलासँग जोडिएका मुद्दाहरुमा केही थोरै भए पनि आत्मीयता रहन सक्छ । तर अदालतमा त्यस्तो हुँदैन । अदालतमा त पुरुष सत्ताको भऱ्याङ चढेर बनेकाहरूको वर्चस्व हुन्छ, फलस्वरूप हिजोको अदालत बालिकामैत्री हुन सकेन । भर्खर भर्खर मात्र हो, करणीसम्बन्धी कसुरमा खुलेर जाहेरी पर्न थालेको । करणी अर्थात् बलात्कार वा जबरजस्ती करणी । यसमा बाल यौन दुरुपयोग, अप्राकृतिक मैथुन आदि पर्दछन् ।

हाम्रो समाज पूर्णतया पितृसत्तात्मक त हुँदै हो, पछौटे पनि छ । जतिसुकै प्रगतिशील कानुन निर्माण गरिए पनि हाम्रो चेतनाको निम्न स्तरले त्यस कानूनलाई सहजै स्विकार्न सक्दैन । हाम्रो समाज त्यही समाजको विस्तारित रुप हो, जुन समाजमा महिनावारी नै सुरु नभई छोरीको कन्यादान गरिदिए पुण्य मिल्छ भनिन्थ्यो ।

हाम्रा हजुरआमाहरूको ९ वर्षमा विवाह हुन्थ्यो । हाम्रा ठुलीआमाहरूको ११ वर्षमा विवाह हुन्थ्यो, अनि हाम्रा आमाहरूले १५ देखि १७ वर्षसम्ममा विवाह गरेनन् भने बूढीकन्या ठहरिन्थे । ९ वर्षकी हजुरआमाले २०/२२ वर्षको लक्का जवानसँग विवाह गरे । त्यो हेरिँदैन थियो कि उसको उमेर कति छ, पहिलेका श्रीमती अनि छोराछोरी कति छ ? भनेर । जात र कुल मिलेको आए अर्काको घर पठाइदिने गरिन्थ्यो । अनि हजुरआमाहरू संस्कारको नाममा ९ वर्षको उमेरदेखि नै बलात्कृत भए । न उनीहरूको रोदन सुनियो, न त विरोध । यही समाजको विस्तारित स्वरूप हो वर्तमान समाज । अनि हामी स्विकार्नै सकिरहेका छैनौं, बलात्कारका घटनाहरूलाई ।

भन्छन् नि मानिसहरू, त्यतिबेला नेपालमा त बलात्कार नै हुँदैन थियो । अलि पढे लेखेकाहरू भन्छन्, पश्चिमाहरूले हाम्रो कानुन बनाइदिएर हामीलाई बलात्कारको जञ्जालमा फसाइरहेका छन् । कहिल्यै बलात्कार को विषयमा छलफल नचलेको समाजमा एक्कासि यसमा बहस गर्नुपर्ने भयो । यो कसरी बलात्कार हुन्छ ? शारीरिक सम्बन्ध त प्राकृतिक कुरा हो, यसमा बलात्कारको फेसनले धमिलो पारिरहेको छ । हामी यता बहस गर्दैछौं । भर्खरमात्र महान्यायाधिवक्ता कार्यालयले प्रकाशित गरेको एक रिपोर्टमा पछिल्लो आर्थिक वर्षको अन्त्यमा करिब ७१ प्रतिशत सफलता प्राप्त गरेको उल्लेख छ । यो सुखद समाचार हो, तर त्यही रिपोर्टमा महिला र बालबालिकासम्बन्धी कसुरको अवस्था भने डरलाग्दो छ ।

रिपोर्टअनुसार करणीसम्बन्धी कसुर अभियोजन भएर आएदेखि करिब ४६ प्रतिशत त बीचमै सकिन्छन् । बक पत्र नमिलेर ती अभियुक्तले पहिलो चरणमै सफाइ पाउँछन् । पीडितले गरेको जाहेरी र बकपत्रको तालमेल बिगारेर अभियुक्तले सफाइ पाउँछन् । कानुनी भाषामा हामी त्यसलाई 'होस्टाइल' भन्छौं । बाँकी १७ प्रतिशत प्रमाण नपुगेर अभियुक्तले सफाइ पाउँदा रहेछन् । जस्तै पल शाहले पहिलो चरणमै सफाइ पाए । बकपत्रमा पीडित होस्टाइल बनेपछि अदालतले सिलसिलाबद्ध रूपमा उनलाई रिहा गऱ्यो । जाहेरीमा बलात्कार भएको उल्लेख हुँदा हुँदै बकपत्रमा पीडितले बलात्कार नभएको भनेर स्पष्टोक्ति दिइन् । बलात्कार गरेको होइन भनेर ठान्ने नवलपुर अदालतले फेरि सोही कसुर दारलाई बालयौन दुरुपयोग गरेको भनेर ठहर गऱ्यो । अनि उच्च अदालतले बालयौन दुरुपयोग सम्बन्धमा पीडितले मागदावी वा सजाय गरी पाउँ नभनेकाले उक्त कसुरलाई कसुर मानिरहनु नपर्ने भनी पल शाहलाई कसुरदार हुन बाध्य पारिएन । अन्तत: उनी रिहा भए ।

यस मुद्दामा पल शाहका वकिलहरूले हर एक कानुनी छिद्रहरू खोजिरहे र मूकदर्शक भइरह्यो सरकारी वकिल । पीडितको बकपत्र बिग्रनुमा सरकारी वकिलको असक्षमता खुलस्त छ । न त समयमा सरकारी वकिलहरू अदालतमा पुग्छन्, न त समयमा निवेदन तथा पुनरावेदन गर्छन् । सरकारी वकिललाई न त एउटै मात्र मुद्दामा पर्याप्त समय निकाल्ने समय नै हुन्छ, न त लगाव नै । कुनै पनि मुद्दालाई उनीहरू सरकारी ड्युटीसरह निभाउँछन्, अपराध महसुस भने गर्दैनन् । सरकारी वकिलको कार्यालयमा कुनै पनि पीडित मेरो मुद्दालाई अलि गम्भीरतापूर्वक हेरियोस् भनेर जाने हो भने हरेकलाई उनीहरूको जवाफ हुन्छ, 'तपाईंको मात्र हो र मुद्दा ? अरु पनि उत्तिकै छन् ।' पीडितलाई नै थाहा हुँदैन कि मेरो मुद्दामा कुन चाहिँ सरकारी वकिलले बहस गरिदिने हो ? वा नगरीदिने हो ? तर अभियुक्त हरक्षण जागरुक हुन्छ, सहरका नाम चलेका वकिलहरू खोज्न एउटा गिरोह नै परिचालित हुन्छ । त्यस्ता वकिल, जसले न्यायालयलाई नै प्रभावित पारिदिन सक्छन्, त्यस्ता वकिललाई उ हर सम्भव लगाउने प्रयत्न गर्दछ । अन्तत: करणीसम्बन्धी कसुरमा न बहस पुग्छ, न त आत्मीयता ।

सन्दीप लामिछाने विरुद्ध नै हेरौं, काठमाडौं जिल्ला अदालतले अहिलेसम्म थुनछेकको आदेश मात्र गरेको छ । सो आदेशले उनी जेल पनि गए । तर सन्दीपका वकिलहरूको कानुनी जुक्तिले सर्वोच्च अदालतसम्म पुगिसके । उच्च अदालतले सशर्त रिहा गरेको विषयलाई समेत 'मुद्दा हामीले जित्यौं त्यो किशोरी आफैले सन्दीपलाई फसाएकी हो, उसले उमेर ढाँटेकी छ लगायत भ्रम सर्वत्र फिँजाइएको छ । कतिसम्म भने देशका प्रधानमन्त्रीसमेत फुलमाला र अबिरले प्रधानमन्त्रीको कार्यालयमा त्यस्ता अभियुक्तलाई स्वागत गरिरहेका छन् । हर एक अक्षरहरूका विरुद्ध सन्दीपका वकिलहरू पुनरावेदन गर्छन्, तर सरकारी वकिल अस्वाभाविक आदेशका विरुद्ध पनि मात्र फौजदारी कसुरका सिद्धान्तको पालनाका खातिर, करले मात्र माथिल्लो अदालत जान्छन्, आत्मीयताले होइन ।

नेपालमा एउटा अर्को बहस पनि चलिरहेको छ । राम्रा, आफ्नो क्यारियरको उम्दा स्थानमा रमाइरहेकाहरू विरुद्ध सानो रकमको आसमा किशोरीहरू उनीहरूलाई फसाइरहेका छन् । मानौं, जुनसुकै उमेरका भए पनि यदि कुनै स्थापित कलाकार वा खेलाडीले बलात्कार गरेको रहेछ भने त्यो बलात्कार नभै, सहमतिको सम्बन्ध हो । यस्तोमा पीडितहरू झन् पीडित त बन्छन् नै, समाजले बलात्कारीलाई सहानुभूति दिन सुरु गरिसकेको छ । जुन समाजमा पीडकहरूलाई मानसम्मान र सहानुभूति दिन सहज महसुस गरिन्छ, त्यो समाजमा पीडितहरुको स्थान के हुन्छ ? हेला, होचो र दुर्व्यवहार नै त हो ।

हामी सिस्टमलाई गाली गर्छौं र बलात्कारीहरूलाई खुलेआम गरिदिन नाराबाजी गरिदिन्छौ । हाम्रो सरकार, हाम्रो कानुन, हाम्रो नियम सबै भीडले जतातिर इसारा गरिदिन्छ, त्यतै फर्किन्छौं । पछिल्लो समय बलात्कारजन्य कसुरको अभियोगमा केही नाम चलेका तथा ख्यातिप्राप्त मानिसहरूको नाम पनि प्रचारमा आयो, जसलाई समाजको एक तप्काले बलात्कार भनेर स्विकार्दै स्विकारेन । अदालत आफै बलात्कार भन्ने कि न भन्ने विषयमा रनभुल्लमा पऱ्यो । मिडिया, राजनीतिज्ञ, कानुन व्यवसायीदेखि आम सर्वसाधारण नै फरक फरक कित्तामा उभिए । कसैलाई ती मानिसहरू बलात्कारी लागे त कसैलाई निर्दोष लागे । खास गरी आफूले चाहेको मानिसलाई समाजले बलात्कारी भनेर स्विकार्न सकेन । फलत: ती मानिसहरूकै हालीमुहाली अदालतमा पुग्यो, अदालत बाध्य भएर रिहाइको आदेश दिन थाल्यो ।

तर बलात्कार जस्तो गम्भीर कसुरमा कानुनी दाउपेच भन्दा पनि कसुरको गाम्भीर्यता, समाजको गति र सरकारी वकिलको भावानुभूत सहभागिता र कानुनको पूर्ण पालना हुनु जरुरी छ । १८ वर्ष माथि होस् या नाबालिक भएको विषय होस्, बलात्कार बलात्कार नै हो, जन्मकुण्डलीले देखाएको दिशा होइन ।

(लेखिका मिश्र अधिवक्ता हुन् ।)
(साभार: रातोपाटी)

असल नियतले खुलेका लघुवित्तबाट किन आयो उल्टो नतिजा ?

काठमाडौं/पाय: अर्थशास्त्रीहरु तथ्यांकबाट कुरा थाल्छन् । तर पूर्वअर्थमन्त्री डा युवराज खतिवडाले भने स्वीकारोक्तिबाट थाले, 'कहिलेकाही असल मनसायले थालिएको कामको परिणाम पनि सही नआउने रहेछ ।' उनले त्यसलाई व्याख्या गरे, 'नेपालमा लघुवित्त कार्यक्रम यस्तै देखियो ।'

खतिवडाको सम्झनामा, आम मानिससम्म वित्तीय पहुँच पुऱ्याउँदै गरिबी निवारण गर्ने उद्देश्यका साथ लघुवित्त कार्यक्रम नेपालमा भित्र्याइएको थियो । वित्तीय पहुँचबाट टाढा रहेका गरिब परिवारलाई उद्यमका ज्ञान-सीप सिकाएर अर्थोपार्जन गर्न सक्ने बनाउने, यसका लागि वित्तीय स्रोत उपलब्ध गराउने मनसाय थियो । जस्तो कि, छिमेकी बंगलादेशमा यसको लाभ तल्लो वर्गले टन्नै पायो ।

नेपालमा भने उल्टो भयो । लघुवित्तहरू उद्देश्यबाट विचलित भएर ग्राहक र कर्जा बढाउन मात्र केन्द्रित हुँदा ग्रामीण अर्थतन्त्र समस्याग्रस्त भएको छ । लघुवित्तको ऋण पासोमा परेकै कारण कतिपय परिवार थातथलो नै छाडेर पलायन छन्, विखण्डित भएका छन् । सामाजिक विचलनको जोखिम बढेको छ । ग्रामीण बैंकिङ मोडलमा डा. मोहम्मद युनुसले प्रयोग गरेको लघुवित्तले बंगलादेशको गरिबी निवारणमा ठूलो सफलता पाएको थियो । त्यही सफलताका लागि उनलाई सन् २००६ मा नोबेल शान्ति पुरस्कारबाट सम्मानित समेत गरिएको थियो । नेपालमा पनि राष्ट्र बैंकको डेपुटी गभर्नर भइसकेका डा. हरि हरदेव पन्तले बंगलादेशको सिको गर्दै लघुवित्त कार्यक्रम भित्र्याएका थिए ।

गैरसरकारी संस्था मार्फत नेपालमा सुरु भएको लघुवित्त कार्यक्रमलाई राष्ट्र बैंकले २०५६ सालमा नियमनको दायरामा ल्याएको थियो । तर, पछिल्लो समय नागरिकलाई ऋणको पासोमा पारेर आत्महत्या गर्ने अवस्थासम्म पुऱ्याएको अपजस खेपिरहेको छ । सप्तरीको छिन्नमस्ता गाउँपालिका-२ का रामदेव मरिक डोमले लघुवित्तको ऋण तिर्न नसकेको भन्दै १० माघमा आत्महत्या गरे । कैलाली गौरीगंगा नगर पालिका-१, लठैयाकी रेशमा चौधरी (३४) ले लघुवित्तका कर्मचारीले घरमा ताला लगाएकै दिन विषादी सेवन गरिन् र उपचारका क्रममा उनको मृत्यु भयो ।

यद्यपि यसबारे कुनै सरकारी आँकडा छैन । मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक महेन्द्रकुमार थेष्ठ आत्महत्या र आत्महत्या प्रयासका घटना बढेको बताउँछन् । यसका धेरै कारणमध्ये एउटा कारण लघुवित्तको ऋण पनि हुनसक्ने देखिए पनि यकिन विवरण नभएको उनले सुनाए ।

लाइसेन्सको लहर

वित्तीय पहुँच बढाउँदा गरिबी निवारण हुन्छ भनेर राष्ट्र बैंकले लघुवित्तलाई धमाधम अनुमति दियो । राष्ट्र बैंकले अन्य वित्तीय संस्थाको संख्या नियन्त्रण गर्दा लघुवित्तलाई प्रोत्साहन गऱ्यो । राष्ट्र बैंकले आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिमा लघुवित्तलाई थप लाइसेन्स नदिने भने पनि लाइसेन्स रोकेन । २०७३ मा ४३ वटा लघुवित्त संस्था रहेकोमा २०७६ असारसम्म यो संख्या ९० पुग्यो । केही लघुवित्त मर्ज भएर २०७९ पुसमा ६४ वटा भएका छन् ।

धेरै लघुवित्त भएपछि ग्राहक बढाउने होडबाजी चल्यो । रौतहटमा भेटिएका एक जना अनुगमन अधिकृतका अनुसार लघुवित्तले गाउँ-गाउँमा खटिने कर्मचारीलाई महिला समूह बनाउने टार्गेट दिन्छ । टार्गेट पूरा गर्ने ध्याउन्नमा कर्मचारीले पहिल्यै लघुवित्तको समूहमा बसिसकेका, ऋण लिइसकेका महिलाहरूलाई पनि आफ्नो लघुवित्तको समूहमा राख्छन् र ऋण दिन्छन् ।

'समूहमा छौं भन्दा पनि बढी ऋण दिन्छौं, हाम्रोमा बस्नुहोस्' भनेर लोभ देखाएको बताउँछिन्, रौतहटको चन्द्रपुर नगरपालिका-६ बसन्तपुरकी विष्णु नेपाली । 'ऋण बढ्दै गएपछि एउटालाई तिर्न अर्कोबाट लिन थालियो' उनले अनलाइनखबरसँग भनिन्, 'अहिले म नै आधा दर्जन लघुवित्त संस्थाको ऋणी छु ।' नेपाल लघुवित्त बैंकर्स संघका अध्यक्ष बसन्त लम्साल

लघुवित्तको संख्या धेरै भएपछि व्यवसाय बढाउन एउटा लघुवित्तले लगानी गरेको ऋणीलाई अर्को लघुवित्तले बढाएर कर्जा दिने, अर्कोले अझ बढाएर कर्जा दिंदा समस्या बढेर गएको स्वीकार गर्छन् ।

नेपाल राष्ट्र बैंक लघुवित्त सुपरीवेक्षण विभागका कार्यकारी निर्देशक रेवती नेपाल पनि लघुवित्त सामाजिक अवस्था रहेको बताउँछन् । तर कमर्सियल भएर नाफा कमाउने र अवस्था बढाउने प्रतिस्पर्धाले गर्दा अहिलेको समस्या आएको उनको दाबी छ । राष्ट्र बैंकको तथ्यांकले पनि त्यही देखाउँछ । आर्थिक वर्ष २०७४/७५ मा ६५ मा झरेको छ । चुक्ता पूँजी बढेर ३० अर्ब ९ करोड र पूँजी कोष ४० अर्ब ३३ करोड पुगेको छ । यो आवमा लघुवित्त संस्थाको कुल नाफा १२ अर्ब ३८ करोड छ ।

वैदेशिक रोजगारी, उधार र बिहेबारी

सामान्यतः लघुवित्त संस्थाले महिला समूह बनाएर बचत गर्न सिकाउने र त्यसपछि तालिम र ऋण दिने नियम छ । निर्धन उत्थान लघुवित्तका सीईओ जनार्दनदेव पन्तका अनुसार पहिले बचत गर्ने बानी बसाउने, त्यसपछि सीप सिकाउने र थोरै-थोरै कर्जा दिएर ऋणीलाई व्यवसायमा जोड्दै लैजानुपर्ने हो ।

तर, अधिकांश लघुवित्तले यसरी काम गरेका छैनन् । बारादेखि रौतहटसम्म अनलाइनखबर टिमले भेटेका ऋणीहरूमध्ये कतिपयले उपचारका लागि ऋण लिएको सुनाए, कतिपयले परिवारको सदस्य विदेश पठाउन त कतिपयले बिहेबारीमा खर्च गर्न । अहिले पनि रोजगारीको समस्या छ । परिवार पाल्न विदेश जानुपर्ने बाध्यता छ । नेपाल सरकार वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार आर्थिक वर्ष २०७८/७९ मा मात्रै वैदेशिक रोजगारीमा जानको लागि श्रम स्वीकृति लिने नेपालीको संख्या (संस्थागत तथा व्यक्तिगत-नर्सा र वैधानिकीकरण) ३ लाख ५४ हजार ६६० रहेको छ ।

सोही अवधिमा २ लाख ८२ हजार ४५३ जनाले पुनः श्रम स्वीकृति लिएका छन् । यसरी विदेश जानेहरूले ब्यानपावर कम्पनीहरूलाई डेढ/दुई लाख रुपैयाँ बुझाउनुपर्ने बाध्यता छ । बैंकबाट ऋण लिन धितो राख्ने सम्पत्ति हुन्न, सरकारी स्किम छैन । अनि उनीहरू ऋणी खोज्दै गाउँगाउँमा पुगेका लघुवित्तको शरणमा पुगे ।

त्यसमध्ये एक हुन्, रौतहटको चन्द्रपुर नगरपालिका-७, नर्यावस्तीकी इन्द्रदेवी राम । उनले श्रीमान् नारायण महरालाई विदेश पठाउन आशा लघुवित्तबाट ४० हजार रुपैयाँ ऋण लिएकी थिइन् । त्यो रकमले पासपोर्ट त बन्यो, म्यानपावर कम्पनीलाई साढे दुई लाख बुझाउन नसकेपछि नारायण विदेश गएनन् । तर, लघुवित्तबाट लिएको ऋण त तिर्नुपर्थ्यो । त्यसका लागि अर्कोबाट ऋण लिइन् । त्यही चक्करमा उनी अहिले आधा दर्जन लघुवित्तको ऋणी भएकी छन् । स्वास्थ्य उपचारका लागि पनि धेरैले लघुवित्तबाट ऋण लिने र त्यसको चक्रमा पर्ने गरेको पाइएको छ ।

संविधानमा स्वास्थ्यलाई मौलिक हकमा राखिएको छ र प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ भनिएको छ । तर, स्वास्थ्य सेवामा सरकारको उपस्थिति अझै कमजोर छ । गम्भीर बिमार लागे लाखौं रुपैयाँ खर्च गरेर निजी अस्पतालहरूमा उपचार गर्नुपर्ने बाध्यता छ । यसका लागि पनि लघुवित्तबाट ऋण लिने गरेको पाइएको छ । बाराको जितपुर सिमरा उपमहानगरपालिका-६ नगौलकी जानकी देवी पनि छोरो र सासू बिरामी हुँदा उपचारका लागि लघुवित्तबाट ऋण लिनु परेको बताउँछिन् ।

लघुवित्त र मिटरब्याजीको साइनो

विपन्न परिवारलाई सुदखोर साहु-महाजनको चर्को ब्याजबाट जोगाउँदै आर्थिक रूपमा सबल बनाउनु लघुवित्तको उद्देश्य हो । लघुवित्तकै कारण पनि मधेशका महिलाहरू मिटरब्याजको पासोमा पर्ने गरेको पाइएको छ । चन्द्रपुर नगर पालिका-५, रौतहटकी निर्मला चौधरीका अनुसार लघुवित्त गाउँमा नआउँदासम्म गाउँमा मिटरब्याज थिएन । जब लघुवित्त आयो, मिटर ब्याज पनि आयो ।

समता, स्वावलम्बन, आशा, महिला सहकारी, उन्नति सहकार्य, सबैको, विजय, मेरो माइक्रो फाइनान्स, नेरुडेलगायत ११ वटा लघुवित्तबाट ऋण लिएकी उनी त्यो ऋण तिर्न मिटरब्याजी साहुको शरणमा पुगेकी थिइन् । 'लघुवित्तहरूमा आफ्नो बैज्जत नहोस् भनेर मैले एक लाख रुपैयाँको दैनिक दुई हजार तिर्ने शर्तमा ऋण लिएँ । अहिले त्यही ब्याजले डुबाएको छु' उनी भन्छिन्, 'पैसा नतिरेको भन्दै साहुले मुद्दा नै हालेको छ ।'

श्रीमानलाई विदेश पठाउन डिप्रोक्स लघुवित्तबाट ६५ हजार ऋण लिएकी गुजरा नगरपालिका-८, जोगीलियाकी कुन्ती चौधरीलाई लघुवित्तको ऋणले यसरी गाँज्यो कि तीन जना महाजनबाट ३६ प्रतिशत ब्याजमा तीन लाख ऋण लिएकी छन् । परिणाम, गरिबी हटाउने भन्दै आएको लघुवित्त कार्यक्रमले हजारौं गरिब परिवारलाई झन् गरिबीको खाडलमा हाल्दैछ । निर्धन उत्थान लघुवित्तका सीईओ जनार्दन पन्त सशक्तिकरण र व्यावहारिक शिक्षा बेगर ऋण मात्र लगानी हुँदा यस्तो भएको बताउँछन् ।

'लघुवित्तहरूले शिक्षासँगै वित्तीय स्रोत उपलब्ध गराएर उत्पादनमा जोड्नुपर्ने हो' उनी भन्छन्, 'तर पैसा दिएर ब्याज खान खोजियो । लघुवित्तको लाइसेन्स लिएर लघुवित्त नगर्दा समस्या भयो ।'

२५ प्रतिशत आफैसंग राख्ने, जाराजेथा उठाउने

लघुवित्त संस्थाले कर्जा लगानी गर्दा कर्जा सूचना केन्द्र र बीमा शुल्क बाहेक फोर्स बचतमा राख्न लगाउने गरेका छन् । अधिकांश लघुवित्तले कर्जा लगानी गर्दा एक किस्ता तिर्न पुरने पैसा अनिवार्य रूपमा बचतमा राख्न लगाउने गरेका छन् । ऋणीले कुनै एक किस्ता तिर्न नसके बचतमा रहेको रकमबाटै तिर्न सक्छ भनेर यस्तो गर्ने गरिएको बताउँछन्, विजय लघुवित्तका प्रमुख कार्यकारी अधिकृत बसन्त लम्साल । तर, कतिपय लघुवित्तले भने कर्जा सूचना केन्द्रमा कर्जाको बीमा दाबी गर्नको लागि कुल कर्जाको २५ प्रतिशत बचतमा राख्न लगाउने गरेका छन् । बारादेखि रौतहटसम्मका गाउँमा भेटेका थुप्रै ऋणीले लघुवित्तले सुरुमा नै २५ प्रतिशत कम गरेर रकम दिने गरेको बताए ।

अन्धाधुन्ध ऋण प्रवाह गर्ने लघुवित्तका कर्मचारीले असुलीका नाममा भने जायजेथा उठाउँछन्, र आफ्नुसी मूल्य तोक्छन् । ऋण असुलीका नाममा निर्धन उत्थान लघुवित्तका कर्मचारीले बाराको सिमरा जितपुर उपमहानगर नगौल टोलकी मालतीदेवीको घरबाट फ्रिज र टीभी उठायो । 'घरमा तान्चा लगाएपछि म गोडामै परें' मालती भन्छिन्, '४० हजारको टीभी १० हजारमा बेचायो ।'

नगौलकै पुनमदे वी दनुवारको घरको भैंसी लघुवित्तका कर्मचारीले लगे । 'भैंसीको मोल कति लगाए, मलाई थाहा छैन' पुनमले सुनाइन्, यति गर्दा पनि ऋण सकिएन ।' अटो रिक्साका लागि ऋण लिएकी नगौल टोलकी रानी सिंहको खसी र सुन पनि उठाए । 'मसँग पैसा थिएन, सुन थियो' एक दर्जन लघुवित्तबाट ऋण लिएकी रानी सुनाउँछिन्, 'लघुवित्तका सर ले नै सुन किन्ने हो भन्दै कसलाई फोन गर्नुभयो र आएको पैसाले ब्याज कटाउनुभयो ।'

बिशोलिएको समाज

लघुवित्त भनेको वित्तीय पहुँचबाट टाढा रहेका महिलाहरूलाई समूहमा आबद्ध गराउने, उद्यमका ज्ञान-सीप सिकाएर अर्थोपार्जन गर्न सक्ने बनाउने मोडल हो । तर लाइन लागेर गाउँ पसेका लघुवित्तले ऋणको आवश्यकता र ऋण तिर्ने क्षमता नहेरी व्यवसाय विस्तार गर्न अन्धाधुन्ध ऋण बाँड्न थाले । सहजै पैसा पाउने भएपछि महिलाहरूले खुलेर, खर्च गर्ने क्रममा पनि मुद्री खुकुलो बनाए ।

गृह मन्त्रालयले बनाएको मिटरब्याज अपराध नियन्त्रण सिफारिस कार्यदलको प्रतिवेदन-२०७९ मा पनि लघुवित्तमा विना धितो लिएको ऋण अनावश्यक कुरामा खर्च गरेर ऋण तिर्न नसक्ने अवस्था सिर्जना भएको पाइएको उल्लेख छ । ऋण लगानी गर्ने लघुवित्तले पनि आफूले दिएको रकम जे प्रयोजनका लागि लगिएको हो, त्यसअनुसार काम भएको छ/छैन भनेर हेर्ने कहिल्यै आवश्यक ठानेन । लघुवित्त संस्थाले ऋण दिइसकेपछि ऋणीले सदुपयोग गरेको छ/छैन भनेर निरन्तर हेर्नुपर्ने भन्दै निर्धन उत्थान लघुवित्तका सीईओ जनार्दनदेव पन्त भन्छन्, 'नाफा कमाउने ध्याउन्नमा लागेका लघुवित्तहरूले आफ्नो दायित्व नै भुले ।'

बारादेखि रौतहटसम्मका गाउँमा भेटेका महिलामध्ये अधिकांशले लघुवित्तको ऋण तिर्न नसकेपछि दिनभर जंगलमा लुक्नु परेको सुनाए । जितपुर सिमरा उपमहानगर पालिकाको नगौल गाउँकी पुनमदेवी दनुवार भन्छिन्, 'सरहरू (लघुवित्तका कर्मचारी) घर-घरमा आएर साँझ ८ बजेसम्म ढुकेर बस्नुहुन्छ । उहाँहरू आउनुभन्दा पहिल्यै घरबाट निस्केर लुक्न जंगल जान्छौं ।'

परिवारमा कलह बढेको छ । महिलाहरू हिंसामा पर्न थालेका छन् । जितपुर सिमरा उपमहानगर-२ सिर्जना टोलकी कमला पौडेल भन्छिन्, 'हरेक दिन घरमा मान्छे आएर ऋण तिर भन्छन् । अनि तनावमा आएर श्रीमान्ले कुटपिट गर्छन् ।' रौतहटको चन्द्रपुर नगर पालिकाकी अनिता चौधरीले ९ कक्षा पढ्दै गरेका १६ वर्षे छोरालाई स्कूलबाट निकालेर मजदुरी गर्न लगाएकी छन् । रौतहटकै गीताकुमारी राईले पनि लघुवित्तको ऋण तिर्न भनेरै आफ्नो छोराछोरीको स्कूल छुटाइन् ।

तनाव व्यवस्थापन गर्न नसक्दा कतिपयले आत्महत्याको बाटो समेत रोज्ने गरेका छन् । घर व्यवहार चलाउन लिएको ऋण तिर्न नसक्दा जितपुर सिमराको नगौलकी सविता सिंहले केही पहिले विषै पिइन् । ऋणी मरेपछि ऋण मिनाह हुन्छ भन्ने सुनेर विष पिएकी उनी भन्छिन्, 'तर, दुःख लेख्या रैं'छ, मरिनँ ।' कतिपय घर छोडेर हिंडेका छन् । नगौलकै जमुनदेवी भन्छिन्, 'छोराबुहारी घर छाडेर हिंडेको दुई वर्ष भयो । कहाँ छन् थाहा छैन ।' रौतहटको चन्द्रपुर नगरपालिका-६ बसन्तपुरकी देवीमाया परियारका दुई छोरा र बुहारी लघुवित्तको ऋण तिर्न नसकी घर छाडेर हिंडेका छन् । घरमा लघुवित्तले ताल्चा लगाएको छ । तर जंगलमा लुकेर बस्दैमा वा घर छाडेर हिंड्दैमा लिएको ऋण तिर्ने नपर्ने होइन, हुन सक्दैन ।

लघुवित्तले ऋण दिने वा असुल्ने क्रममा कुनै त्रुटि गरेको रहेछ भने सच्याउनुपर्छ । तर ऋणीले पनि लिएको ऋण तिर्नुपर्छ, किनकि लघुवित्तमा भएको रकम बचतकर्ताकै हो । निर्धन उत्थान लघुवित्तका सीईओ जनार्दन पन्त पनि उनीहरूलाई आवश्यक सहयोग गर्ने उत्पादनमा जोड्दै विस्तारै किस्ता तिर्न सक्ने वातावरण बनाउनुपर्ने बताउँछन् ।

राष्ट्र बैंकको अपूरो कदम

लघुवित्तको लगानीबारे प्रश्न उठेपछि राष्ट्र बैंकले गत साता लघुवित्त संस्थाको लागि जारी एकीकृत निर्देशिका २०७८ संशोधन गर्दै सम्बोधनको प्रयास गरेको छ । ८ बुँदे निर्देशन अनुसार अब एउटा लघुवित्तले ऋण लगानी गरेकोलाई अर्कोले लगानी गर्न पाउने छैन ।

बैंकहरूले कर्जा लगानी गरेको छ भने लघुवित्तले गर्न सक्ने व्यवस्था पनि गरेको छ । तर अहिले ऋणको दलदलमा रहेकाहरूको ऋण कसरी चुक्ता गर्ने भनेर बाटो देखाउन सकेको छैन ।

विजय लघुवित्तका सीईओ बसन्त लम्साल राष्ट्र बैंकले समस्यामा रहेका ऋणीको सेवाशुल्क, ब्याज नतिरे लाग्ने जरिवाना नलिएर सानो किस्तामा भुक्तानी गर्ने र ऋणलाई उत्पादनसँग जोड्न थप कार्यक्रम ल्याउनुपर्ने बताउँछन् ।

(स्रोत: अनलाइनखबर)

के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक वर्षको वारेन्टीका साथै दुई वर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

'प्रेमा' निर्माता घिमिरेको दाबी-

'अहिलेसम्म बनेका प्रेमकथा भन्दा फरक छ'

काठमाडौं/आगामी चैत १७ गतेबाट त्रिकोणात्मक प्रेमकथा माथि बनेको फिल्म 'प्रेमा' प्रदर्शनको तयारीमा छ । गोविन्द सिंह भण्डारीको निर्देशनमा बनेको फिल्ममा शुभेक्षा खड्का, अरुण क्षेत्री र सृष्टि श्रेष्ठ केन्द्रिय भूमिकामा छन् । फिल्ममा निर्देशक भण्डारी र विवेक घिमिरेको लगानी छ । अमेरिकाको बोस्टनमा बस्दै आएका विवेक फिल्म 'चिनी कम रड कडा'का निर्देशक समेत हुन् ।

सन् ८० र ९० को दशकबीचमा हुर्किएका उनलाई बाल्यकालदेखि नै फिल्मप्रति रुचि थियो । एक विन्दुमा पुगेपछि फिल्म निर्माण सम्बन्धी अध्ययन गर्ने प्रण लिएका उनले डिग्रीमार्फत् त्यसलाई पूरा पनि गरेका छन् । फिल्ममा आफूलाई नेपाली कथा भन्न मनपर्ने भएको 'प्रेमा'मा लगानी गरेको उनी बताउँछन् । विदेशमा पनि नेपाली कथाहरु भेटिने तर नेपालमा जस्तो विशुद्ध नेपाली कथाहरु नभेटिने उनको अनुभव छ ।

विवेक 'प्रेमा'को नौलो स्किप्टले आफूलाई लगानी गर्न आकर्षित गरेको दाबी गर्छन् । स्किप्टसँगै निर्देशक भण्डारीको काम गर्ने शैलीबाट प्रभावित भएकाले पनि फिल्ममा आफू जोडिएको उनको कथन छ । उनको डेब्यू निर्देशित फिल्म 'चिनी कम रड कडा'मा भण्डारी एसोसिएट डाइरेक्टरको रुपमा जोडिएक थिए । फिल्म निर्माणमा आफूलाई पहिल्यैदेखि चासो रहेको र 'प्रेमा'को स्किप्ट आएपछि निर्माणका लागि तयार भएको उनको भनाई छ ।

सबै जनराका फिल्म मनपराउने विवेक राम्रो जनराको कन्सेप्टमा स्किप्ट आउँदा लगानी गर्न आफू सधैं तयार रहेको जिकिर गर्छन् । उनले 'प्रेमा'लाई अमेरिका सहित विश्व बजारमा रिलिजको तयारी भैरहेको बताएका छन् । फिल्मको स्क्रिप्ट, कन्सेप्ट र छायांकनसँगै निर्देशक भण्डारीको मिहिनेतले अहिलेसम्म बनेका प्रेमकथाभन्दा 'प्रेमा' फरक रहेको उनको दाबी छ ।

उनी नेपाली निर्माताले गुणस्तरीय फिल्ममा ध्यान दिन सकेको अवस्थामा नेपाली फिल्मलाई विश्व बजारमा पुऱ्याउन कुनै समस्या नहुने बताउँछन् । पछिल्लो समय विशेषतः गैर आवासीय नेपालीहरुले नेपाली फिल्मप्रति चासो देखाइरहेकाले यसलाई फिल्मकर्मीले अवसरका रुपमा लिनुपर्ने उनको सुझाव छ ।

नयाँ मेकरसँग काम गर्न डराउनु हुँदैन : सुरक्षा पन्त

काठमाडौं/प्राय: नेपाली अभिनेत्रीहरु 'स्टेरियोटाइप' भूमिकाबाट बाहिर निस्कन नसकेको टिप्पणी हुने गर्छ । तर, केही यस्ता अभिनेत्रीहरु पनि छन्, जसले त्यसखालको भूमिकाप्रति सुषुप्त रुपमा विद्रोह गरि रहेका छन् । अभिनेत्री सुरक्षा पन्तले करिअरको सुरुवाती समयदेखि छनोट गरेका चरित्र र फिल्म हेर्दा उनले 'स्टेरियोटाइप'को विद्रोह गरिरहेको संकेत मिल्छ । यो कुरा उनी आफैं पनि स्वीकार्छिन् ।

आइतबार एक कार्यक्रममा उनले भनिन्, 'मैले चयन गर्ने भूमिका र फिल्महरु 'स्टेरियोटाइप'को विद्रोह गरिरहेको छ भन्ने लाग्छ भने त्यो त खुसीको कुरा हो । सोच त्यही हो । नेपालमा महिला कलाकार हरुका लागि अवसरहरु कम छ । तर, फेरि अवसर भन्ने कुरा मागेर पाइँदैन । त्यो खोस्नु पनि पर्छ बेला बेलामा । त्यो खोस्ने भनेको चाहिं आदरपूर्वक । र, नयाँ मेकरसँग काम गर्न डराउनु हुन्न ।'

मनोबल लिएर आउने मेकरलाई प्रोत्साहन गर्नुपर्ने उनको धारणा छ । आफूलाई कहिले काहिं नयाँ मेकरसँग काम गर्न के जरुरी छ र ! जस्तो लाग्ने गरेका पनि कलाकार भएपछि जिम्मेवारी पनि रहने बताउँदै उनी भन्छिन्, 'दर्शकबाट पाउने मायाले जिम्मेवारी पनि साथमा लिएर आउँदो रहेछ । त्यसैले राम्रो खालको स्टोरी आयो भने म नयाँ मेकरसँग काम गर्दा लाग्छ चाहिं हिचकिचाउँदिनँ ।'

आफूलाई फरक खालको स्टोरीले छानिरहेको उनको अनुभव छ । 'पर्सनालिटी एउटा देखियो भने त्यस्तै खालको फिल्म अफर हुने रहेछ । हामीलाई चाहिं मेकरहरुले सोच्दै नसोचेको क्यारेक्टरमा राखिए हुन्थ्यो भन्ने हुन्छ । तर, त्यस्तो नहुने रहेछ,' उनी भन्छिन्, 'हामी जस्तो देखिन्छौं, त्यसलाई हेरेर क्यारेक्टर अफर हुने रैछ ।' यो हुनुमा उनी मेकरको सोच फराकिलो हुन नसकेको मान्छिन् ।

कलाकार काचो माटो जस्तो जे बन्न पनि तयार हुने भएकाले कस्तो आकार दिने भन्ने आँट चाहिं मेकरले लिएर आउनुपर्ने सुरक्षाको धारणा छ । नयाँ मेकरसँग काम गर्दा व्यावसायिक हिसाबले 'रिक्स फ्याक्टर' बढी हुने भए पनि सहकार्यको हिसाबले चुनौतीपूर्ण र रमाइलो हुने गरेको उनको विगतको अनुभव छ । नयाँ मेकरमा उत्कृष्ट दिनुपर्छ भन्ने जोश र हुटहुटी धेरै नै हुने सुरक्षा पाउँछिन् ।

'स्थापित मैसकेका मेकर सँग काम गर्दा 'रिक्स' कम हुन्छ । शतप्रतिशत त नभनौं तर विश्वास जितिसकेको मेकरको फिल्म चल्छ भन्ने विश्वास हुन्छ । त्यो हिसाबले 'रिक्स' कम हुन्छ । नयाँ मेकरसँग चाहिं 'रिक्स फ्याक्टर' बढी हुन्छ । र, म 'रिक्स' लिन तयार छु । जीवनको यो विन्दुमा आएर 'रिक्स' नलिए त के मज्जा आयो र !', उनले फिल्म 'बहाव'को ट्रेलर रिलिज कार्यक्रममा भनेकी थिइन् ।

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

माओवादीको दुई महिने संगठन सुदृढ अभियान

साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ मकवानपुरमा नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र जिल्ला कमिटीले दुई महिने संगठन तथा जनसम्बन्ध सुदृढ अभियान सुरु गरेको छ ।

जिल्ला पार्टी कार्यालय हेटौंडामा आयोजित एक कार्यक्रमबीच पार्टीका केन्द्रीय सदस्य तथा बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जमकट्टेलले अभियानको शुभारम्भ गरेका छन् । हालसम्मको राजनैतिक उपलब्धी माओवादी केन्द्रको आन्दोलनको कारण भएकोले यसलाई संस्थागत विकास गर्न क्रियाशिल हुन पार्टीका नेता तथा कार्यकर्ताहरुलाई अनुरोध गरे । उनले प्रदेश सरकार र स्थानीय सरकारलाई नमूना योग्य बनाउन विशेष योजना तयार गरी सुझाव दिन आग्रह गरेका छन् ।

पार्टीका केन्द्रीय सदस्य तथा बागमती प्रदेश सरकारका सामाजिक विकास मन्त्री कुमारी मोक्तानले पार्टीको सम्बन्धलाई जनस्तरमा सुदृढ गरी विकेन्द्रित अभियान सञ्चालन गर्न निर्देशन दिएकी छन् । उनले जनताको सल्लाह, सुझाव र चाहना अनुसार पार्टीको गतिविधि सञ्चालन गर्न भनिन् । अभियानका क्रममा

जिल्लाको संघीय र प्रदेश निर्वाचन क्षेत्रहरुमा मकवानपुरबाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्यहरुलाई कमाण्डर तोकिएको केन्द्रीय सदस्य प्रल्हाद लामिछानेले बताए ।

लामिछानेले अभियानका क्रममा शहिद परिवार, घाईते, बेपत्ता योद्धा परिवार, पूर्वजनमुक्तिसेना भेटघाट, पार्टी सदस्यता नविकरण, नयाँ सदस्यता वितरण गरिनुका साथै नागरिकहरुलाई आत्मनिर्भर बनाउन उत्पादन योजना निर्माण गरिने बताए । उनले अभियानका क्रममा पार्टीलाई विकसित नयाँ प्रविधि अनुरुप अगाडि बढाउने समेत बताएका छन् ।

पार्टीको दुई महिने संगठन तथा जनसम्बन्ध सुदृढ अभियानका क्रममा पार्टीका सबै संगठनहरुलाई क्रियाशिल बनाई नियमित अर्न्तक्रिया कार्यक्रम सञ्चालन गरिने पार्टी जिल्ला समन्वय समितिका सचिव भीम पाखिनले जानकारी दिए । पार्टी जिल्ला समन्वय समिति संयोजक शर्केश घलानको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्यहरु सन्तोष बिष्ट, मानकुमारी पाखिन, पार्टी बागमती प्रदेश कमिटी उपाध्यक्ष तथा प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामीलगायतको उपस्थिति रहेको थियो ।

चैत पहिलो सातादेखि अन्तरपालिका फुटबल

साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा आगामी चैत पहिलो सातादेखि अन्तरपालिका जिल्लास्तरीय फुटबल प्रतियोगिता हुने भएको छ । दोस्रो संस्करणको प्रतियोगिताका लागि जिल्ला समन्वय समिति मकवानपुरले ७ लाख रुपैयाँ बजेट उपलब्ध गराएको छ ।

चैत ११ गतेसम्म हुने प्रतियोगिताको विजेता नगद २ लाख रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ । यस्तै उपविजेताले नगद १ लाख रुपैयाँ प्राप्त गर्नेछ । प्रतियोगिताको उत्कृष्ट खेलाडीले नगद १० हजार रुपैयाँ प्राप्त गर्ने मकवानपुर जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइरालाले जानकारी दिए । प्रतियोगितामा सहभागी हुने टिमको सदस्य खेलाडी सोही पालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ । विभागीय

टिम र ए डिभिजन क्लबमा आवद्ध खेलाडीले खेल्न पाउने छैन भने ३० वर्षभन्दा कम उमेरका खेलाडी मात्रै सहभागी हुन पाउने छ । हेटौंडा-५ स्थित पिप्ले-क्याप्पा रंगशालामा हुने प्रतियोगितामा प्रवेश निशुल्क गरिने मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीले जानकारी दिए ।

पुरस्कार राशी थप गर्नका लागि पालिकाहरुसँग पनि बजेट माग गर्ने योजना रहेको अध्यक्ष खड्गीले बताए । जिल्ला समन्वय समितिले उपलब्ध गराउने बजेटबाट पुरस्कार वितरणमै करिब आधा बजेट खर्च हुने उल्लेख गर्नुहुँदै बाँकी रकमले अन्य व्यवस्थापकीय कार्य गर्नुपर्ने अध्यक्ष खड्गीले बताए ।

बिदाका दिन कसरी खुल्छन् सरकारी कार्यालय ?

काठमाडौं, १७ फागुन/ सरकारले शनिबारबाहेकका अधिकांश सार्वजनिक बिदाका दिन सेवाग्राहीको चाप हुने सरकारी कार्यालय खुला राख्ने भएको छ ।

सोमबारको मन्त्रिपरिषद बैठकले सेवाग्राहीको चाप हुने सरकारी निकाय दशैं, तिहार, छठ जस्ता ठूला चाडबाडका जात्रा, पर्व, दिवस, जयन्तीजस्ता सार्वजनिक बिदामा खुला राख्ने निर्णय गरेको हो ।

आगामी वर्षको बिदा फुर्स्यौलोकन गर्ने क्रममा मन्त्रिपरिषदको प्रशासन समितिमा केही सचिवहरुले अत्यधिक बिदा भएकाले कटौतीको अवधारणामा जानुपर्छ भन्ने सुझाव दिएका थिए । तर समावेशी र सहभागि मूलक अवधारणाको प्रतिकूल हुने गरी कुनै चाडबाडमा बिदा दिने र कुनैमा नदिने गर्न नहुने भएकाले निश्चित बिदामा कार्यालय सञ्चालन गर्ने अवधारणा अघि सारिएको हो ।

'मुलुकले नै समावेशी र सहभागीमूलक शासनपद्धति अंगीकार गरेपछि विभिन्न जातजाति र समुदायको चाडपर्वमा दिँदै आएको बिदा कटौती गर्न नहुने निष्कर्ष निकाल्यौं' मन्त्रिपरिषदको प्रशासन समितिमा रहेका एक सचिव भन्छन् ।

बर्ष २३ वटा सार्वजनिक बिदाका दिन सेवाग्राहीको अत्यधिक चाप हुने निकाय तथा कार्यालयमा सेवा दिने तयारी भएको छ । यसका लागि सार्वजनिक बिदाका दिन खुला हुने सरकारी कार्यालय र त्यहाँबाट प्रवाह हुने सेवा तोक्ने तयारी छ ।

गृहमन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यदलले कुनकुन बिदाको दिन कुन कुन कार्यालय खुल्ने भन्ने खाका तयार गरेको छ । वर्षभरका ५२ वटा शनिबार भने सरकारी कार्यालय खुल्दैनन् । कुल जनसंख्याको करिब ३/४ प्रतिशत भन्दा कम संख्या रहेका समुदायको चाडबाड, जात्रा जात्रा, पर्व, जयन्ती जस्ता प्रकृतिका सार्वजनिक बिदामा कार्यालयहरु खुल्नेछन् ।

बुद्धजयन्ती, जनैपूर्णिमा, कृष्ण जन्माष्टमी, घटस्थापना, उधौली, उभौली, क्रिसमस, तमु ल्होसार, माघे संक्रान्ति, सोनाम ल्होसार, शिवरात्री, ग्याल्पो ल्होसार, बकर इद, इदुल फित्र र फागु पूर्णिमाका दिन कार्यालय खोल्ने तयारी छ । यस्तै नयाँवर्ष, गणतन्त्र दिवस, मे दिवस, संविधान दिवस, प्रजातन्त्र दिवस, महिला दिवस, पृथ्वी जयन्ती र जनयुद्ध दिवसका दिन पनि कार्यालय खोल्ने प्रस्ताव छ ।

यो दिन जिल्ला प्रशासन कार्यालय, अध्यागमन विभाग, कन्सुलर विभाग, आन्तरिक राजस्व विभाग र मातहतका कार्यालय, भन्सार विभाग र मातहतका कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय, बैदेशिक रोजगार विभाग, यातायात व्यवस्था कार्यालयहरु, सरकारी अस्पताल, खानेपानी, विद्युत र दुरसञ्चार महशुल लिने कार्यालय खुला गरेर सेवा दिने खाका बनेको छ ।

सार्वजनिक बिदाका दिन खोल्ने कार्यालयहरुमा नियमित दिनमा जस्तो सबै सेवा भने खुल्दैनन् । बिदामा कार्यालय खोल्दा जिल्ला प्रशासन कार्यालयले नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र र राहदानीको सेवा मात्रै दिने छ । प्रशासन कार्यालयका अरु सेवा भने त्यस दिन नहुने गृह मन्त्रालयका एक उपसचिवले बताए ।

यस्तो दिन कार्यालय आएर काम गर्ने कर्मचारीहरुले भत्ता पाउँदैनन्, बरु अर्को दिन सट्टा बिदा पाउनेछन् । सरकारी कार्यालय मात्रै खुलेर पूर्ण रुपमा सेवा लिन नसकिने अवस्थामा त्योसँग सम्बन्धित अन्य सेवा र सुविधा नियमित गर्ने नीतिगत निर्णय भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले तयार पारेको खाकामा उल्लेख छ । कर, राजस्व र महशुल बुझाउनुपर्ने भएकाले सम्बन्धित कार्यालयमा रहेका बैंकका शाखा खुलाउन नेपाल राष्ट्र बैंकमार्फत निर्देशन दिने निर्णय भएको छ ।

अधिकारीहरुका अनुसार मेडिकल कलेज र पब्लिक अस्पतालहरु के गर्ने भन्ने टुंगो लागेको छैन । विद्यालयदेखि विश्वविद्यालयसम्म शैक्षिक संस्थाहरुको आफ्नै क्यालेण्डर हुने भएकाले उनीहरुको बिदामा हस्तक्षेप नगर्ने तयारी छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका प्रवक्ता महादेव पन्थ पनि सेवाग्राहीको चाप बढी हुने र उनीहरुको दैनिकी जोडिने विषयसँग सम्बन्धित कार्यालय खोल्ने निर्णय भएको बताउँछन् । 'यसबारेमा मन्त्रिपरिषदले निर्णय गरिसकेको छ, कसरी सेवा दिने भन्नेबारे विस्तृत खाका बन्दैछ' प्रवक्ता पन्तले भने, 'बिदाका दिन समेत कार्यालय खुलेपछि सेवाग्राहीलाई सहज र अनुकुल हुने ठानेर यस्तो अवधारणा कार्यान्वयन गर्न खोजिएको हो ।'

पाँच दिने सूचना प्रविधि मेला हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ सूचना प्रविधि सम्बन्धी पाँच दिनसम्म हेटौंडामा मेला सञ्चालन हुने भएको छ । कम्प्युटर एसोसिएसन नेपाल महासंघ मकवानपुर शाखा र बागमती प्रदेशको आयोजनामा हेटौंडामा सूचना प्रविधि मेला हुन लागेको हो ।

हेटौंडाको रोयल पार्टी प्यालेसमा सूचना-प्रविधि (ज्ञान इन्फोटेक) मेला हुने भएको मेलाका संयोजक पुष्पराज पुडासैनीले बताए । चैत र गतैदेखि ६ गतेसम्म हेटौंडा-४ स्थित रोयल पार्टी प्यालेसमा मेला आयोजना हुने उनले जानकारी दिए । मेलामा कम्प्युटर तथा यसका हार्डवेयर, प्रिन्टर, सफ्टवेयर, सर्भिसिङ क्याम्प, एप्लिकेशन डिभाइस, बीमा सम्बन्धी प्रदर्शनी तथा बिक्री स्टल रहने जनाइएको छ । मेलामा कुल ४० वटा स्टल रहने भएको हो । कृषिमा डिजिटलाइजेसनको प्रयोग, नेटवर्किङ र सिसिटिभी तालिम हुने जनाएको छ ।

यस्तै शिक्षक, विद्यार्थी तथा युवालक्षित साइबर सुरक्षाजस्ता ३ वटा आइसिटी सेमिनारसमेत सञ्चालन हुने जनाएको छ । मेलामा रोबर्ट र पब्जी प्रतियोगिताको आयोजना हुनेछ । गेममा राष्ट्रियस्तरका खेलाडीहरुको सहभागिता हुने जनाइएको छ ।

रोबर्ट र पब्जी दुवैतर्फ प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः २५, १५ र १० हजार रुपैयाँ प्रदान गरिने मेलाका संयोजक पुडासैनीले जानकारी दिए ।

गढीले कोदो र कोदोको पिठो ब्रान्डिङ गर्दै

साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ मकवानपुरगढी गाउँपालिकाले गाउँमै उत्पादित कोदो र कोदोको पिठो ब्रान्डिङ गर्ने तयारी अगाडि बढाएको छ ।

गाउँपालिकाले कोदो र कोदोको पिठो ब्रान्डिङ तथा लेबलिङ र प्याकेजिङको तयारी गरिरहेको कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिए । बुधवार बसेको मकवानपुरगढी गाउँपालिकाको कार्यपालिका बैठकमा र अपाङ्ग तथा विपन्न कृषि सहकारी संस्थामा प्याकेजिङका विभिन्न तरिकाहरु नमूनाको रुपमा देखाइएको थियो । जसमा बाक्लो कागजको डिब्बा, पेपरको प्लास्टिक कोटेड प्याकेट, कपडाको सुर्के थैली, प्लास्टिकको प्याकेट, प्लास्टिकमा साधारण स्टिकर राख्ने रहेको चौधरीले जानकारी दिए ।

रैथाने बाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत मकवानपुरगढी गाउँपालिका कृषि विकास शाखाको सहयोगमा अपाङ्ग तथा विपन्न कृषि सहकारी संस्था लिमिटेड मकवानपुर गढी-४, कालिखोलामार्फत बजारीकरण गर्ने गरि कालिखोला ब्रान्डको नाममा कोदोको दाना र पिठोको लेबलिङ र प्याकेजिङको तयारी भइरहेको छ । ब्रान्डिङ, लेबलिङ र प्याकेजिङको कार्यमा स्टोरी साइकलले प्राविधिक सहयोग गरिरहेको चौधरीले बताए ।

जंगली हात्तीको आक्रमणबाट एक जनाको मृत्यु

वीरगञ्ज, १७ फागुन/ बारामा जंगली हात्तीको आक्रमणबाट एक जनाको मृत्यु भएको छ । जीतपुरसिमरा उपमहानगरपालिका-१६ टोगियाबस्ती बस्ने ४५ वर्षीय गापन दलामीको मृत्यु भएको हो ।

जंगलमा घाँस दाउरा लिएर फर्कने क्रममा उनलाई हात्तीले आक्रमण गरेको थियो । हात्तीले उनको टाउको र हातमा कुल्चिएको पाइएको प्रहरीले जनाएको छ । स्थानीयले जंगली हात्तीले मान्छे मारेको छ भनेर खबर गरेपछि इलाका प्रहरी कार्यालय कोल्हबीबाट प्रहरी टोली पुगेको थियो ।

शव टोगिया बस्तीमा ल्याएर राखिएको बाराका प्रमुख प्रहरी उपरीक्षक हेविन्द्र बोगटीले जानकारी दिए । हात्ती बस्ती आसपासमै हुन सक्ने भएकोले सचेत भएर बस्न बस्तीका बासिन्दालाई आग्रह गरिएको उनले बताए ।

'रौतहटबाट बाराको कलैया-२६ दोहरी पकडी हुँदै ठूलो जंगली हाती आएको हो, यसअघि ६ वटा घर बारामा भत्काइसकेको थियो,' उनले भने, 'जिल्ला वन कार्यालय, बारा, पर्सा राष्ट्रिय निकुञ्जलाई जानकारी गराएका छौं । गाउँलेलाई सचेत रहन भनेका छौं ।'

राजु गोले बकैयाको नमूना युवा अध्यक्ष

साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ बकैया गाउँपालिकामा पहिलो पटक भएको नमूना युवा गाउँसभाको अभ्यास सम्बन्धी प्रशिक्षण कार्यक्रममा राजु गोले नमूना युवा अध्यक्ष पदमा निर्वाचित भएका छन् ।

बकैया गाउँपालिकाको आयोजना तथा जिल्ला युवा समितिको कार्यालय मकवानपुरको संयोजनमा भएको नमूना युवा गाउँसभाको अभ्यास प्रशिक्षणबाट गोले अध्यक्ष बनेका हुन् । नमूना निर्वाचनमा सर्वसम्मत रुपमा बकैया-८ का गोले बकैयाको पहिलो नमूना अध्यक्षमा निर्वाचित भएका हुन् । यसैगरी बकैयाको नमूना उपाध्यक्षमा बकैया-३ की हिसिला जिम्बा निर्वाचित भएकी छिन् । उपाध्यक्ष पदमा अन्य कसैको उम्मेदवारी नपरेपछि जिम्बा निर्विरोध निर्वाचित भएकी थिइन् । नमूना युवा गाउँसभाका अध्यक्ष, उपाध्यक्ष, गाउँसभा सचिव एवं सदस्यहरुलाई बुधबार जिल्ला युवा समितिका अध्यक्ष शिवहरि दाहालले

पद तथा गोपनियताको सपथ ग्रहण गराएका थिए ।

प्रशिक्षण कार्यक्रममा बकैया गाउँपालिकाका १२ वटै वडाका ४५ जना युवाहरुलाई अध्यक्ष दाहाल तथा प्रशिक्षकद्वय सन्जिप न्यौपाने र सन्देश गौतमले सहजीकरण गरिरहेका छन् । प्रशिक्षणको पहिलो दिन युवा जीवन र मार्गदर्शन, लोकतन्त्र र लोकतान्त्रिक संस्कृति, सूचनाको हक, नेतृत्व विकास सम्बन्धी अवधारणाको विषयमा प्रशिक्षकले प्रशिक्षण प्रदान गरेका थिए । दोस्रो दिनमा नेपालमा युवा संसदको अवधारणा र अभ्यास, युवा क्लब र युवा क्लब गठन प्रक्रिया, स्थानीय योजना निर्माणका सात तहहरु र बस्तीस्तरको योजना निर्माणमा युवा क्लबको भूमिका, गाउँसभा संचालन सम्बन्धी कार्यविधि तथा गाउँ-नगर सभामा पालना गर्नुपर्ने नियमहरुका विषयमा पनि प्रशिक्षकहरुले प्रशिक्षण प्रदान गरेका थिए ।

३ सय ८८ जनाको नि:शुल्क आँखा परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/रोटरी क्लब अफ काठमाडौं मिडटाउन र रोटरी क्लब अफ मकवानपुरको संयुक्त आयोजना मंगलबारबाट शुरु भएको निशुल्क आँखा शिविरमा बुधबार ३ सय ८८ जनाको निशुल्क आँखा परिक्षण गरिएको छ । जसमध्ये ७६ जना मोतिबिन्दुका बिरामी भेटिएका छन् ।

मंगलबार सिन्धुलीको हरिहरपुरगढी ३, रतनपुरमा भएको आँखा शिविरमा २ सय ५० जनाको आँखा परिक्षण गरिएकोमा ४० जना मोतिबिन्दुका बिरामी भेटिएका मुख्य कार्यक्रम संयोजक अन्जली कुमार पराजुलीले बताए । त्यसैगरी सर्लाहीको चन्द्रनगर-७ मा भएको शिविरमा १३८ जनाको परिक्षण गर्दा ३६ जना मोतिबिन्दुका बिरामी भेटिएका थिए ।

शिविरमा हेटौंडा आँखा अस्पतालले प्रविधिक सहयोग गरेको छ भने रोटर्याक्ट क्लब अफ मकवानपुरले पनि आवश्यक सहयोग गरेको छ । मोतिबिन्दुका बिरामीहरुको फागुन १९ गते शुक्रवार हेटौंडा

क्यानेश्वरमा भएको शिविरमा ३९० जनाको आँखा परिक्षण गरिएको थियो । जसमध्ये ७३ जना मोतिबिन्दुका बिरामी भेटिएका थिए ।

बिहिवार मकवानपुरको कैलाश गाउँपालिका ९, नामटार र रौतहटको चन्द्रपुर नगरपालिका ९, सन्तपुरमा आँखा शिविर रहेको रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष कृष्ण बहादुर कार्कीले जानकारी दिए ।

दुई वडाका महिला किसानलाई तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ मकवानपुर थाहा नगरपालिका वडा नम्बर ९ मा व्यवसायिक कृषकहरुका लागि माटो तथा तरकारी व्यवस्थापन सम्बन्धि दुईदिने तालिम दिइएको छ ।

मदनभण्डारी विश्व विद्यालयको सहयोगमा भएको तालिम स्वच्छन्द साना किसान कृषि सहकारी संस्थाले आयोजना गरेको तालिम थाहानगरको ९ नम्बर वडा कार्यालयको सभाहलमा भएको हो । १५ र १६ फागुनमा भएको तालिममा थाहा नगरपालिका वडा नम्बर ९ र १० का ५० जनाभन्दा बढि व्यवसायिक कृषकहरुको सहभागिता रहेको कृषि प्राविधिक कमला सुवेदीले जानकारी दिइन् । तालिमका सहभागीहरुलाई नार्कका डाक्टर सुरेन्द्रलाल श्रेष्ठ, मदनभण्डारी विश्वविद्यालय चित्लाङका डाक्टर अनुपम श्रेष्ठ, भुषण श्रेष्ठ, डाक्टर सर्वेश दास डंगोल, डाक्टर रामेश्वर राइले तालिम दिएका थिए ।

स्वच्छन्द साना किसान कृषि सहकारीकी उपाध्यक्ष संगिता भुजेलको अध्यक्षतामा भएको तालिम समापन कार्यक्रममा वडा नम्बर ९ का वडा अध्यक्ष राजकुमार बलामी, सहकारीकी व्यवस्थापक शुक्ला गोपाली, वडा नम्बर ९ र १० की कृषि प्राविधिक कमला सुवेदी, स्थानीय किसानहरु, वडा कार्यालय र सहकारी कर्मचारीहरुको समेत उपस्थिती रहेको थियो ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड

हामीकहाँ आधुनिक डिजाइनका गहा गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्
कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।

कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
प्रो. अमिता चौधरी
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५९२६९१२

शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं
☞ खुल्ला स्थानमा दिसापिसाब नगरौं।
☞ शौचालयमा मात्र दिसापिसाब गरौं।
☞ दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
☞ हत्केला पछाडि, औंलाको बीच, नङ लगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
☞ सफा कपडा वा तौलियाले हात पुछौं।
जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११९५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना